Jana Aakash National Weekly

www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- १५, २०८२ साल कार्तिक १८ गते मंगलबार (November 4, 2025) www.janaakash.com.np



जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित

www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com





# नेपालमा कार्यकारीको बहस कि अस्थिरता !

■ मोहन कार्की

काठमाडौं- एतिवेला जेन्जी नामवाट भएको दंगा फसाद पछि नयाँ सरकार दंगा फसादकै बलमा बनेको छ । सरकारमा जाने व्याक्तित्वहरु केही विषय विज्ञ भएपनि परिणाम आउने संकेत कतै देखिएको छैन । विज्ञान प्रविधि तथा शिक्षा मन्त्रालय संगालेको महावीर पुनले सरकारको मन्त्री हुनुभन्दा अगाडी कृषि औजार कारखाना सञ्चालन गर्ने कुरा उठाउदै आएका थिए । त्यो समेत तिव्र गतिमा काम हुनुपर्ने हुन सकेको देखिदैन । कृषकको लागि नेपालमानै रासायनिक मल कारखाना स्थापना गर्ने डा. बाबुराम भट्टराईको पालामा नै बनेको गुरुयोजनाले प्रथामिकतामा परेको छैन ।

जेन्जीको उत्पतिलाई हेरौं ।

जेन्जी पुस्ताले त्यतिवेला शान्तिपुर्ण प्रदर्शन गर्न २२ गते काठमाडौं जिल्ला प्रशासनमा बुझाएको माग पत्रमा कतै कार्यकारी प्रधानमन्त्री, राष्ट्रपति प्रणाली चाहिन्छ भनेर लेखेको देखिदैन । मात्र सामाजिक सञ्जाल सञ्चालन गर्न पाउनुपर्ने र भ्रष्टचार नियन्त्रण हुनुपर्ने माग देखिन्छ । २३ गते सोही बमोजिम नै शान्तिपुर्ण प्रर्दशन भएको देखिन्छ । तर आयोजकले कार्यक्रम समापन गरेपछि भड्केको दंगामा १४ जनाको ज्यान गएको थियो । यो ईतिहास भरी अनुसंन्धान भईरहने छ । २४ गते कल्पना नगरिएको दंगा फसाद, आगजनी, अराजकताको पराकाष्टा नाघेर गरिएका हर्कतहरुले जो जो त्यस २४ गतेको आगलागी, तोडफोड र लुटपाटमा संलग्न थिए तिनीहरुलाई बादरको संज्ञा दिदा पनि कम हुने नै देखिन्छ ।

नेपालीहरुको जुन रफ्तारमा उच्च मनोबल थियो अहिले गिरेको देखिन्छ । जताततै काला भवन, मर्नेहरुको परिवारमा रुवाबासी अर्को राजनीतिक अस्थिरताको कारण कतिवेला के हुने हो भन्ने अन्यौलता आजपनि भईराखेकै छ । सिंहदरवारमा मन्त्री बन्न कोही रुची छैनन् । किनकी प्रधानमन्त्री, मन्त्री खुस्कने वित्तिक्कै घरमा यस्ता उदण्डहरुको समुहले » बाकी ६ पृष्ठमा

## बञ्चरेडाँडा पुगे मन्त्री कुलमान घिसिङ

### १५ दिनभित्र माग सम्बोधनको प्रतिबद्धता



काठमाडौं- शहरी विकास, भौतिक पूर्वाधार तथा ऊर्जा मन्त्री कुलमान घिसिङ काठमाडौंको फोहोर व्यवस्थापन स्थल बञ्चरेडाँडा पुगेका छन् ।

विगतमा सरकारसँग भएका १८ बुँदे सहमति कार्यान्वयन नभएको भन्दै स्थानीयले फोहोर बिसर्जनमा रोक लगाएपछि समस्या समाधानका लागि मन्त्री घिसिङ आइतबार बिहानै बञ्चरेडाँडा पुगेका हुन् ।

चार दिनदेखि रोकिएको फोहोर व्यवस्थापन मन्त्री घिसिङको लिखित प्रतिबद्धतापछि पुनः सुचारु भएको छ । उनले प्रभावित स्थानीयसँग १५ दिनभित्र माग सम्बोधन गर्ने आश्वासन दिएका छन् ।

ककनी गाउँपालिका-३ का वडाध्यक्ष घननाथ बजगाईंका अनुसार, “मन्त्रीज्यूले १५ दिनभित्र माग पूरा नभए फेरि रोक्नुस्, तर अहिले नरोक्नुस्” उनले बताए ।

मन्त्री घिसिङसँगै काठमाडौं महानगरका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं, वातावरण विभाग प्रमुख सरिता राईलगायतको टोली पनि छलफलमा सहभागी भएका थिए । ककनी गाउँपालिका अध्यक्ष सुमन » बाकी ६ पृष्ठमा

## जेनजी आन्दोलन : काठमाडौंबाट मात्रै १५९ पक्राउ, ८२ जना हिरासतमा




काठमाडौं- २३ र २४ भदौमा भएको जेनजी आन्दोलनमा तोडफोड र आगजनीमा उत्रिएकामध्ये काठमाडौंबाट मात्रै १५९ जना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईका अनुसार अहिलेसम्म १५९ जनालाई पक्राउ गरिएको हो । ती मध्ये अहिले परिसरको हिरासतमा ८२ जना छन् । बाँकी भने केही तारेखमा छुटेका छन्, केहीको अदालतमा मुद्दा गएर आदेश समेत भइसकेको छ । पक्राउ पर्नेहरूमा हत्यादेखि, चोरी, हातहतियार » बाकी ६ पृष्ठमा

## हर्क साम्पाङले पाए दल दर्ताको प्रमाणपत्र



काठमाडौं- धरान उपमहानगरपालिकाका मेयर हर्कराज साम्पाङले नेतृत्व गरेको ‘श्रम संस्कृति पार्टी’ निर्वाचन आयोगमा आधिकारिक रूपमा दर्ता भएको छ ।


आइतबार निर्वाचन आयोग पुगेका साम्पाङले आफ्नो नयाँ पार्टीको दल दर्ता प्रमाणपत्र ग्रहण गर्दै ‘गफले होइन, श्रमले देश बनाउने’ प्रतिबद्धता व्यक्त गरेका छन् । साम्पाङले प्रमाणपत्र बुझेपछि भने, “रोजगारी सिर्जना गफले हुँदैन, उत्पादन बढाउनुपर्छ । देश विदेशी ऋणले चल्दैन, अब हामी आफैंले बनाउनुपर्छ।” उनले आफ्नो पार्टीले उत्पादन, निर्माण, सामाजिक रूपान्तरण र आर्थिक रूपान्तरणका लागि फिल्डमै खटिएर काम गर्ने बताए। निर्वाचन आयोगका » बाकी ६ पृष्ठमा

## राष्ट्रपतिको अनुपस्थितिमा उपराष्ट्रपतिले सम्हाले कार्यभार



काठमाडौं- राष्ट्रपति रामचन्द्र पौडेल कतार प्रस्थान गरेपछि उनको अनुपस्थितिमा राष्ट्रपतिबाट सम्पादन हुने कार्य उपराष्ट्रपति रामसहाय प्रसाद यादवले सम्हाल्ने भएका छन् ।

राष्ट्रपति कार्यालयका प्रवक्ता प्रदीप कुमार कोइरालाले संविधानको धारा ६७ को उपधारा २ बमोजिम राष्ट्रपतिको अनुपस्थितिमा » बाकी ६ पृष्ठमा

जन आकाश
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- १५,
२०८२ साल कार्तिक १८ गते मंगलबार
4 NOVEMBER 2025, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# जलविद्युतलाई प्रथामिकता दिऔं ।

नेपालमा विकास गर्न सम्भावना बोकेको क्षेत्र जलविद्युत पनि एक हो । विशेष गरेर नेपाललाई कृषि-पर्यटन-जलविद्युत यि तिन क्षेत्रलाई विशेष प्रथामिकतामा राखेर नेपालको विकास गर्ने आधार धेरै छन् ।

नेपालले अझै जलविद्युतमा लगानी बढाउनुपर्ने र छिटोभन्दा छिटो जलविद्युत निर्माण सम्पन्न गर्ने गरी काम गर्नुपर्ने छ । विश्वमा सवैभन्दा उर्जाको रुपमा रहेको विद्युत हो । त्यसमध्य सवैभन्दा सस्तो र दिर्धकालीन उर्जा भनेकै जलविद्युत हो । नेपालमा जलस्रोत भण्डार रहेको छ । जलस्रोतलाई जलविद्युतमा परिणत गर्न सकेको खण्डमा नेपालको विकास तिब्र गतिमा बढाउन सकिन्छ भनि बिभिन्न अध्ययनहरुले देखाईसकेका छन् ।

नेपालीहरु आज नेपालमा रोजगारी नपाएर विदेशमा काम गर्न लाखौको संख्यामा गएका छन् । तर जलविद्युत संसारकै सस्तो नेपालमा उपलब्ध गराउन सकेको खण्डमा संसारका सवैभन्दा ठुला उद्योगहरु नेपालमा स्थापना गर्न/गराउन सकिन्छ ।

यस्तो वातावरण बनाउन सकेको खण्डमा नेपालका अहिले विदेशमा रोजगारको लागि गएका नेपालीलाई नेपालमा नै फर्काएर रोजगार दिदा पनि श्रमिक पुग्दैन । यस्तो हुने देश बनाउन सवैभन्दा पहिलो विद्युत सवैभन्दा सस्तो बनाउन सक्नुपऱ्यो । विद्युत सस्तो भएपछि नेपालका व्यवसयीलाई प्रथामिकता दिने र संसारका उद्योगीहरुलाई पनि आवहान गर्ने । सुरक्षाको ग्यारेण्टी गरिदिने त्यसो गऱ्यौ भने संसारको सवैभन्दा विद्युत सस्तो भएपछि उद्योगीले सस्तोमा वस्तु उत्पादन गर्न पाउछन् । सस्तो वस्तु उत्पादन गर्न पाएपछि विश्व बजारमा नेपालमा उत्पादन गरेको वस्तुले प्रतिस्पर्धा गर्न सक्छ ।

विश्व बजारमा प्रतिस्पर्धा गरेर सवैलाई उछिन्न सक्ने वातावरण नेपाल सरकारको नीतिमा बनाएको खण्डमा लगानी उद्योगीले गर्छन् । उत्पादन उद्योगीले गर्छन् । ब्यापार ट्रेडिङ कम्पनीले गर्छन् । राष्ट्रले नीति, सुरक्षा, वातवरण मात्रै बनाउदा मात्र पुग्छ देशले मनग्य राजश्व प्राप्त गर्छ । अर्थतन्त्तमा बलियो भएपछि नेपाल विकसीत राष्ट्रको सूचीमा पुग्छ । त्यसैले नेपालमा जलविद्युत क्षेत्रलाई अझै प्रथामिकतामा राखेर काम गर्न सक्नुपर्छ ।

# नेपालको बाह्य व्यापारको तथ्यांकीय विश्लेषण



■ डा.सुमनकुमार रेग्मी

> **कृषिजन्य उत्पादन गर्न सके आयात व्यवस्थापन र निर्यातको बढोत्तरीको संभावना र तत्पश्चात् व्यापार घाटा घट्ने परिकल्पना गरिएको थियो । तर कृषि क्षेत्र व्यावसायिकताको रूपमा लगानी र उत्पादनको अवस्था कमजोर देखिन्छ । यसले गर्दा पनि कृषिजन्य उत्पादनको आयात बढेको-बढ्यै छ । स्वदेशी उत्पादन जस्तै अलैंची, चिया-कफी, गलैंचा, पश्मिना आदिका ब्रान्डिङ गरी बाहृय बजारमा निर्यात-बिक्री वितरण गर्न सकिएको देखिदैन ।**

यसरी देशको आन्तरिक उत्पादन कम हुँदै जाने र आयातमा मात्र आधारित हुँदै गयो भने देश कुनै पनि बेला उठ्नै नसकने गरी आर्थिक संकटमा फस्न सक्छ । यस्तो स्थितिले मूल्यवृद्धि रोक्न आन्तरिक नीतिले सक्षम हुँदैन भने अर्कोतर्फ उत्पादकत्व वृद्धि नभएसम्म देशमा रोजगारीको अवस्थामा सुधार आउँदैन ।

देशको अर्थतन्त्र र व्यापारको सन्तुलनका लागि देशको आयात र निर्यातको अवस्था सन्तुलन रहनु पर्ने सैद्धान्तिक मान्यता छ । आयातभन्दा निर्यात बढी भएमा देशको अर्थतन्त्र बलियो मानिन्छ । निर्यात कम भएमा देशको आन्तरिक बजार सशक्त नभएको चित्रित गरिँदै आएको देखिन्छ । नेपालमा वार्षिक कृषि -औद्योगिक, आन्तरिक उत्पादन-आपूर्तिसहित बाह्य बजार विस्तारको अवस्था चाहिने जति राम्रो भएर गएको देखिँदैन ।

आ.व. २०८१-८२ को १२ महिनामा नेपालको आयात १८ खर्ब बढी भएको छ । तर निर्यात भने २ खर्ब ७७ अर्ब नापिएको छ । २०८०-८१मा २ खर्ब ५२ अर्बको निकासी भई यसले रेकर्ड कायम गरेको थियो । २०८१-८२ मा १२ महिनाको व्यापार घाटा रहेको देखिन्छ । २०८०-८१ वर्षको आधारमा ६ प्रतिशत बढेको छ ।

आर्थिक वर्ष २०८२-८३ को नेपालको वैदेशिक व्यापारको ३ महिनामा व्यापार घाटा करिब ४ खर्ब, आयात ४ खर्ब बढी र वैदेशिक व्यापार ५ खर्ब बढिरहेको छ । यस्तै अवस्था भएमा आ.व. २०८२-८३ को १२ महिनामा निकासी सामान्य बढेमा व्यापार घाटा २२ अर्ब रुपियाँ बढीको अनुमान गर्न सकिन्छ । त्यसैले सरकारले आयात व्यापारमा निरुत्साहन नीतिलाई प्राथमिकता साथै कार्यान्वयनमा लैजान नसक्दा व्यापार घाटा बढेको हो । सरकारले व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना २०७९/८० तयार गरे पनि त्यसलाई कार्यान्वयन गर्न सकेको छैन । कार्ययोजनाको उद्देश्य नेपाल सरकारका विभिन्न निकायको एकीकृत तथा समन्वयात्मक प्रयासद्वारा बढ्दै गएको व्यापार घाटालाई आ.व. २०७०-७१ मा ६ खर्ब १९ अर्ब रुपियाँको व्यापार घाटा भएको थियो । २०८१-८२ मा १५ रुपियाँ खर्ब बढीको व्यापार घाटा भई देशको आयातमा उपभोग्य केन्द्रित व्यापार बढेको देखिन्छ ।

कृषि प्रधान देश भए पनि कृषि उत्पादन आयातमा अर्बौं रुपियाँ विदेशिएको छ । यस्तो अवस्थामा नेपालमा आयात भएका विदेशी उपभोग्य वस्तुका आयात तत्काल घटाउने अवस्था देखिँदैन । आयात प्रतिस्थापन गर्न विदेशबाट आयात भएका वस्तुका गुणस्तर जस्तै नेपालमा त्यस्तै उपभोग्य वस्तुका उत्पादन बढाउन आवश्यक देखिन्छ । आ.व २०७२-७३ त्यसपछि पनि २०८१/८२ पुग्दा आयात बढ्दै गएका वस्तुमा पेट्रोलियम पदार्थ, फलाम तथा स्टिल, सवारी साधन, इलोक्ट्रोनिक्स र तिनका पार्टपुर्जा, प्लास्टिक तथा प्लाष्टिकजन्य सामग्री, अन्नबाली, तरकारी फलफूल मुख्य थिए ।

नेपालमा उत्पादन हुने सामग्रीका उत्पादन बढाउन नसकेर हरेक वर्ष नेपालको व्यापार घाटा बढ्दै गएको छ । कृषिमा प्रभावकारी काम गर्न सके व्यापार घाटा घटाउन सकिन्छ कि ? तर २०७२ वैशाख १२ र त्यसपछिका भूकम्पले २०७१-७२ र २०७२-७३ मा कृषि खेती र उत्पादनमा असर गऱ्यो । फलस्वरूप आ.व.२०७२-७३ को आर्थिक वृद्धि ०.७७ प्रतिशत रहन गयो ।

सन् २०१९ देखि २०२३ सम्म कोभिड २०१९ बाट नेपालसहित विश्वका देशमा अर्थतन्त्रलगायत अरू क्षेत्रमा असर पर्न गयो । २०७९/०८० को चैत्रसम्मको व्यापार घाटा करिब ११ खर्ब रुपियाँ रहेको छ । सोही अवधिमा आयात भने १२ खर्ब १ अर्ब ५० करोडको रहेको र निकासी १ खर्ब १८ अर्ब २८ करोडको रहेको छ । यस अवधिमा आयात अघिल्लो नौं महिनाको तुलनामा १८ प्रतिशतले घटेको र निकासी २६ प्रतिशतले घटेको देखिएको छ । निकासीको पहिलो नम्बरमा भटमासको तेल र दोस्रो नम्बरमा पाम तेल रहेको थियो । अलैंचीको निकासी स्थान तेस्रोमा रहेको छ । २०७५ सालपछि निकासी वस्तुमा परिवर्तन देखापरको छ । नव निकासी वस्तुमा भटमासको तेल, सन्फलावर तेल, पाम आयल, अलैंची, धागो, फलामका वस्तुहरू, आर्थिक वर्ष २०७८/७९ मा नेपालमा १६४ देशबाट १९ खर्ब २१ अर्ब रुपियाँभन्दा बढीको सामान आयात भएको छ । भारतबाट २०७८/७९ मा नेपालले १२ खर्ब १५ करोड २७ लाख रुपियाँभन्दा बढीको सामान आयात गरेको थियो । १२ खर्बभन्दा बढीको सामान आयात हुँदा एक खर्ब ५५ अर्ब २२ करोड ३० लाख रुपियाँ बराबरका सामान निर्यात भएको थियो । नेपालले भारतसँग मात्र २०७८/७९ मा १० खर्ब ४४ अर्ब ९३ करोड ४ लाख रुपियाँभन्दा बढीको व्यापार घाटा व्यहोरेको थियो । २०८१/८२ मा नेपालको निकासी २ खर्ब ७७ अर्ब रुपियाँ पुगेको छ ।

भारतपछि ठूलो मात्रामा आयात चीनबाट भएको छ । २०७८-०७९ मा चीनबाट २ खर्ब ६४ अर्ब ७८ करोड ३७ लाख रुपियाँ बराबरको आयात भएकोमा ८० करोड ८७ लाख ५४ हजार रुपियाँ बराबरको मात्र सामान निर्यात हुँदा चीनसँग २ खर्ब ७३ अर्ब ९७ करोड ४९ लाख रुपियाँ बराबरको व्यापार घाटा भएको थियो । २०८२-०८३ को अगाडिका महिनामा चीनतर्फ निर्यात ५८.५ प्रतिशतले कमी आएको छ । आयात १६.२ प्रतिशतले बढेर ३०५ अर्ब पुगेको छ ।

नेपाल र तिब्बत चीनसँग बेलाबेलामा द्विपक्षीय व्यापार अवरुद्ध भई आएको छ । केरुङ र तातोपानी व्यापार अवरुद्ध भएको बेला मुस्ताङ नाका प्रयोग भई आएको देखिन्छ । आयातको तुलनामा न्युन मात्रामा निर्यात हुँदा नेपालको व्यापार घाटा वृद्धि भएको थियो । २०७७-०७८को तुलनामा २०७८-०७९ मा २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको देखिन्छ । २०७७-०७८ को तुलनामा २०७८-०७९ मा २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको थियो ।

कृषिजन्य उत्पादन गर्न सके आयात व्यवस्थापन र निर्यातको बढोत्तरीको संभावना र तत्पश्चात् व्यापार घाटा घट्ने परिकल्पना गरिएको थियो । तर कृषि क्षेत्र व्यावसायिकताको रूपमा लगानी र उत्पादनको अवस्था कमजोर देखिन्छ । यसले गर्दा पनि कृषिजन्य उत्पादनको आयात बढेको-बढ्यै छ । स्वदेशी उत्पादन जस्तै अलैंची, चिया-कफी, गलैंचा, पश्मिना आदिका ब्रान्डिङ गरी बाह्य बजारमा निर्यात-बिक्री वितरण गर्न सकिएको देखिदैन । बाह्य बजारमा राम्रो माग भएको कफी, चिया आदिको उत्पादन बढाउने भूमिका भएको निकायको विशेष ध्यानआकर्षण हुनुपर्दछ । अलैंची-अदुवा जस्ता वस्तुहरूको निर्यात संभावना भएका वस्तुमा पनि उत्पादन र निकासी ह्वातै बढ्न सकेको छैन ।

विगत केही वर्षका तथ्यांकअनुसार देशको आयात-निर्यातको अन्तर- वर्षैपिच्छे बढ्दै गएको छ । पछिल्ला वर्षमा आयातभन्दा निर्यात झन्डै नौं गुणा भएको देखिन्छ । वार्षिक ८ सय अर्ब रुपियाँभन्दा बढीको आयात-निर्यातको व्यापार गर्ने देशले २०७२-७३ मा कति हुने हो । निर्यात बढाउन सकिएको देखिँदैन । तर पन्ध्रौं योजनाको अन्तदेखि नेपालको निकासी बढ्दै गएको छ ।

आर्थिक वर्ष २०७१-७२ मा ६ खर्ब ९४ अर्ब रुपियाँभन्दा बढीका सामान देशमा आयात भए । यस वर्ष व्यापार घाटा ६ खर्ब १६ अर्ब रुपियाँ भएको थियो ।

कृषिको प्रमुख उत्पादनका वस्तुमा खाद्यान्न, तरकारी नै आयात दर उच्च हुँदै अर्थात् खाद्यान्नसहित कृषि वस्तुका मात्र वार्षिक ७३ अर्ब रुपियाँ भएको देखिन्छ । कृषिको मुख्य पेसा भएको देशमा वर्षको करिब ४५ अर्बको चामल मात्र आयात हुने गरेको देखिन्छ । यसबाट के देखापर्छ कि मानिसको कृषिमा संलग्ता हुने चाख कम हुँदै गएको हो कि ? देशमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न नसक्दा व्यापार घाटा बढ्दै गएको छ । पहिले देखिनै बृहत् उत्पादन नभएकाले निर्यात बढ्न सकेन ।

आयातमध्ये पेट्रोलियम पदार्थको आयातले गर्दा नै धान्न नसक्ने गरी व्यापार घाटा बढ्दै गएको छ । आयातित इन्धनमध्ये मुख्यतया सवारी साधन र लोडसेडिङका बेला बिजुली उत्पादनमा खर्च भइरहेको देखिन्छ । ऊर्जाको अभाव, कृषि व्यवसाय परम्परागत रूपमा सञ्चालन हुनु र उच्च विप्रेषणलगायतका कारणले देशको व्यापार घाटा चुलिँदै गएको भनिन्छ । निकासीउन्मुख वस्तुका गुणस्तरीय उत्पादन ह्वात बढ्न नसक्नु नै व्यापार घाटाको कारण बन्न गएको देखिन्छ । पेट्रोलियम पदार्थपछि सबभन्दा बढी कृषिजन्य उत्पादन आयात गर्न विदेशी मुद्रा खर्च भएको छ । तुलनात्मक रूपमा नेपालभन्दा भारतमा कृषि उत्पादन सस्तो भएका कारण वर्षेनी नेपालमा यस्ता वस्तुका आयात बढ्दैछन् । भारत सरकारले कृषि उत्पादन बढाउन मल, पानी, बीउ, कृषि औजारमा सहुलियत दिएको देखिन्छ । तर नेपालमा मलमा मात्र सहुलियत दिइएको छ । त्यसैले नेपालको उत्पादनभन्दा भारतको उत्पादन नेपालमा आयात गर्न सस्तो पर्दछ ।

विगत केही वर्षदेखि नेपालमा कृषि क्षेत्रमा काम गर्ने जनशक्तिको अभावले कृषि उत्पादन बढाउन पनि समस्या पर्न गएको छ । जनशक्ति नहुँदा दुई बाली लगाउने ठाउँमा एक बाली मात्र लगाउने गरिएको छ । त्यसर्थ नेपालमा कृषि उत्पादन बढाउन कृषीकरण हुनुपर्ने, कृषकलाई प्रोत्साहन हुनुपर्ने र तुलनात्मक लाभका वस्तु विकास गर्नं पर्ने बताइन्छ ।

केही वर्ष यताका आर्थिक वर्षमा निर्यात भएका प्रमुख वस्तुहरूमा पाम आयल, भटमासको तेल, अलैंची, फलाम तथा स्टिलका वस्तु, गलैंचा, तयारी पोशाक, कफी तथा चिया मुख्य छन् । खाद्यान्न नेपालको निर्यातभन्दा आयात कैयौं गुणा बढी छ । नेपालमा उत्पादित माछा-मासुको निर्यात विदेशी आयातभन्दा बढी देखिन्छ । त्यस्तै देशबाट फलफूल नगन्य मात्रामा निकासी भएको देखिन्छ । तर फलफूल निकासी बढ्दैछ । नेपालबाट निर्यात हुने मुख्य उत्पादनमा रहेको कृषिजन्य वस्तुको उत्पादन- निर्यातमा निरन्तर गिरावट वा ह्वातै बढ्न नसक्नु र औद्योगिक उत्पादनमा सुधार नआउनुले देशको मुख्य पेसा कृषि नै संकटमा रहेको अवस्थामा २०७२ को वैशाखको भूकम्पले कृषिको अवस्था आ.व. २०७२/०७३ मा आर्थिक वृद्धिमा असर गरी वृद्धिदर ०.७७ प्रतिशत मात्र रहन गयो । स्थिति सोचनीय देखिन्छ । देश विदेशी अर्थतन्त्रको भरमा हुँदै गएको देखिन्छ । यसरी देशको आन्तरिक उत्पादन कम हुँदै जाने र आयातमा मात्र आधारित हुँदै गयो भने देश कुनै पनि बेला उठ्नै नसकने गरी आर्थिक संकटमा फस्न सक्छ । यस्तो स्थितिले मूल्यवृद्धि रोक्न आन्तरिक नीतिले सक्षम हुँदैन भने अर्कोतर्फ उत्पादकत्व वृद्धि नभएसम्म देशमा रोजगारीको अवस्थामा सुधार आउँदैन । नेपालमा छिमेकी देशमा निर्यातमा केही सहुलियतको व्यवस्था पनि गरिँदै आएको छ । तर नेपालबाट सहुलियत दिएकै वस्तुको उत्पादन तथा निकासी बढ्न सकिरहेको छैन । व्यवस्थित तरिकाले कतिपय वस्तुहरूमा अनुदान बढाउन सकियो भने नेपालमा आयात प्रतिस्थापन गर्न सकिन्छ । तर भनिन्छ यसलाई चाहिनेजति व्यवस्थित गर्न सकिएको देखिँदैन ।

(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व नायब कार्यकारी निर्देशक हुनुहुन्छ ।)

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# धवलागिरिका जलजला, मुना र मरेनी क्षेत्रमा भेटिए थप 'रेडपाण्डा'

म्याग्दी- धवलागिरि गाउँपालिकाको वडा नं -२ र ३ का जलजला, मुना र मरेनी क्षेत्रमा थप सङ्कटापन्न रेडपाण्डा (हाब्रे) भेटिएका छन् । यसका लागि सो क्षेत्रमा तीन 'क्यामेरा' जडान गरिएकामा दुईमा रेडपाण्डा भेटिएको हो ।

'एक महिनासम्म स्थलगत अध्ययनका क्रममा रेडपाण्डाको दिसा भेटिएपछि क्यामेरा ट्यापिङ गरिएको थियो', जैविक विविधता संरक्षण समाज नेपालका कार्यक्रम अधिकृत पवन राईले उनले भने, 'सो क्षेत्रमा छ देखि २५ वटासम्म रेडपाण्डाको बसोबास भएको हाम्रो अध्ययनबाट पुष्टि भएको छ ।'

स्थानीयवासीसहित अनुसन्धानकर्ताको टोलीले धवलागिरिको खिवाङ, मुदी, अर्चे, दर, ताकम, बगर, सिम्कोश, इटली आधार शिविर, मरेनी, लुलाङ, गुर्जाखानी, गुर्जा देउराली क्षेत्रमा समेत रेडपाण्डा भए/ नभएको स्थलगत अध्ययन गरेका थिए । स्थानीयवासीले विसं २०८० को असोजमा ढोरपाटन सिकार आरक्षको गुर्जाघाट र २०८१ को मङ्सिरमा मुनाको दहपातल सामुदायिक वनको बञ्चरेडाँडा क्षेत्रमा हाब्रे भेटिएको तस्बिर भिडियो सार्वजनिक गरेका थिए ।

विसं २०७३ मा विश्व वन्यजन्तु कोषको र हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चका अनुसन्धानकर्ताले जलजला क्षेत्रमा पर्ने मरेनीमा



रेडपाण्डाको दिसा भेट्टाएका थिए । अनुसन्धानकर्ता लरिसा गौतमले यस क्षेत्रमा रेडपाण्डा देखाउन पर्यटक भित्र्याएर समुदायमा आम्दानी र रोजगारीको अवसर सिर्जना गर्न सकिने जानकारी दिए ।

'पर्यटकीय राजधानी पोखरादेखि नजिकै पर्ने जलजला क्षेत्रमा रेडपाण्डासँगै हिमाल, मनमोहक पहाडी भूगोलको अवलोकन गर्न पाउनु रेडपाण्डा पाइने अन्य ठाउँको भन्दा फरक विशेषता छ', उनले भने, 'रेडपाण्डासँग जोडेर खेलकुद प्रतियोगिता, घरवास र पदमार्ग सञ्चालन गर्न सकिन्छ ।'

डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद अधिकारीले गुर्जा, लुलाङ र मुनाको जङ्गलमा रहेका रेडपाण्डाको एकीन गणना नभए पनि प्रशस्तै रहेको अनुमान गरिएको जानकारी दिनुभयो । रातका समयमा रूखको टोड्कामा बास लिने र दिउँसोमा रूखका हाँगा बसी आराम गर्ने रेडपाण्डा भोक लागेको बेला निगालोको टुसालगायत झारपात खान भुईंमा झर्ने बताइएको छ ।

रेडपाण्डाका लागि आवश्यक आहारा निगालो तथा पालिङ्गो र टोट्का परेका रुख गूर्जा, लुलाङ र मुनाको जङ्गलमा पर्याप्त छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको छ ।

रेडपाण्डाको चोरी सिकारमा संलग्नलाई एक वर्षदेखि १० वर्ष कैद र रु एक लाखदेखि पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ । पछिल्लो अध्ययन अनुसार हाब्रेको सङ्ख्या नेपालमा पाँच सयदेखि एक हजार वटा रहेको अनुमान गरिएको छ । विश्वमा नेपाल, चीन, भारत, भुटान र म्यानमारमा मात्र हाब्रेको बासस्थान छ । अनुसन्धानकर्ताका अनुसार नेपालमा एलुरेन्स फ्युजन्स जातको हाब्रे रहेको बताइएको छ ।

यसैबीच दातृ निकाय टोलेडोजुका आर्थिक सहयोगमा जैविक विविधता संरक्षण समाज नेपाल (वायोकस) नेपालले रेडपाण्डाको बसोबास भएको धवलागिरि -२ र ३ मा पर्ने जलजला, मुना र मरेनी क्षेत्रमा संरक्षण कार्यक्रम लागू गरेको छ । समुद्री सतहबाट दुई हजार दुई सयदेखि चार हजार पाँच सय मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले सङ्टापन्न वन्यजन्तुको सूचीमा राखेको छ ।

जैविक विविधता संरक्षण समाज नेपालका अध्यक्ष लक्ष्मणप्रसाद पौडेलले डिभिजन वन कार्यालय, ढोरपाटन सिकार आरक्ष र सम्बद्ध स्थानीय तहसँग समन्वय गरेर समुदायस्तरमा रेडपाण्डा संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने जानकारी दिए ।

'चोरीसिकारी, डढेलो, सडक विस्तार र मानवीय गतिविधिका कारण रेडपाण्डाको सङ्ख्या वृद्धि र संरक्षणमा चुनौती देखिएको छ', उनले भने, 'समुदायस्तरमा रेडपाण्डाको महत्व बुझाएर संरक्षणको प्रयास गरेका हौं ।'

जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, युवा क्लब, आमा समूह, सामुदायिक वन उपभोक्ता समूह, किसानलाई रेडपाण्डा संरक्षणमा परिचालन गरिने अध्यक्ष पौडेलले जानकारी दिए । 'हेर्दा आकर्षक देखिने लज्जालु र अल्छी स्वभावको रेडपाण्डाको महत्व नबुझेर अनायासै मार्ने गरेको पाइन्छ', उनले भने, 'रेडपाण्डाको छाला महँगोमा बिक्री हुने भ्रमका कारण अनायासै चोरीशिकार गर्ने समस्या हटाउन सकेमा मात्रै पनि यसलाई जोगाउन सकिन्छ ।'

## रामेछाप डायरी

# रामेछापमा नेपाल टेलिकमको रिचार्ज कार्ड कोर्दा नम्बर मेटिने समस्या




रामेछाप- रामेछापमा नेपाल टेलिकमका रिचार्ज कार्ड कोर्दा पिन नम्बर मेटिने, नदेखिने तथा अस्पष्ट हुने समस्या बढ्दै गएको उपभोक्ताहरूले बताएका छन् । टेलिकमका पुराना तथा नयाँ दुवै प्रकारका कार्डमा यस्तो समस्या देखिएको छ, जसका कारण धेरै ग्राहकले रिचार्ज गर्न नसकी हैरानी भोगिरहेका छन् ।

उपभोक्ताको भनाइमा कार्डमा प्रयोग भएको छोप्ने पदार्थ (स्क्र्याच लेयर) असमान तथा कमजोर भएको कारण कोर्दा पिन नम्बर समेत साथसाथै मेटिने समस्या देखिन्छ । कतिपयले हल्का मात्र कोरे पनि नम्बरहरू हराएर कार्ड निष्प्रयोज्य बन्ने गरेको गुनासो गरेका छन् ।

सरकारकोस्वामित्वमा रहेको नेपाल टेलिकमले रिचार्ज कार्ड छपाई गर्न ठेक्का लगाउने गरेको छ । छपाईको काम पाएको कम्पनीले कार्डको कागज र कोटिङ्गको गुणस्तर सुधार गर्नुपर्ने रामेछापका सचेत नागरीकहरुले बताएका छन । सचेत नागरीकहरुले रामेछापका प्रमुख जिल्ला अधिकारी मार्फत सम्बन्धित निकायमा ध्यानाकषण पत्र पठाएका छन ।

# रामेछापको सुनापति गाउँपालिकामा सातौँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु



रामेछाप- रामेछापको सुनापति गाउँपालिकामा आईतबार देखी सातौँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु भएको छ । उक्त प्रतियोगिताको उद्घघाटन गाउँपालिकाका अध्यक्ष ठुलो कान्छा तामाङले गर्नभयो ।

पालिकाभरीका ८ वटा माध्यमिक विद्यालयहरुले प्रतियोगितामा सहभागीता जनाएको उपाध्यक्ष गिता विष्टले जानकारी दिनुभयो । प्रतियोगिता ३ दिनसम्म संचालन हुनेछ । प्रतियोगितामा भलिबल, कबड्डी, सर्टफुट, दौड, ज्याबलिङ थ्रो लगायतका विभिन्न खेलहरु खेलाईने छ । यस वर्षको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु गर्ने जिल्लाका ८ वटा पालिकामध्ये सुनापति गाउँपालिका पहिलो हो ।

# मोबाइलको लत बसेकाहरू गलत तत्वबाट प्रयोग भए : शंकर पोखरेल




काठमाडौं- नेकपा एमालेका महासचिव शंकर पोखरेलले गत २३ र २४ भदौमा भएको आन्दोलनमा मोबाइलको लत बसेका युवाहरूलाई गलत तत्वले प्रयोग गरेको दाबी गरेका छन् ।

प्रेस चौतारी नेपालले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्ने क्रममा उनले यस्तो दाबी गरेका हुन् ।'बरु भात छाड्न सक्ने, परिवार छाड्न सक्ने तर मोबाइल छाड्न नसक्ने युवालाई गलत तत्वले प्रयोग गरे,' उनले भने, 'सूचना प्रविधिप्रतिको आशक्ति, लत कस्तो तहमा पुगेको छ भन्ने कुरालाई गलत तत्वले प्रयोग गरेको थियो भन्ने पछिल्ला घटनाक्रमले पुष्टि गरेको छ ।'

जेनजीहरूले त्यतिबेला अघि सारेको मुद्दा अनुचित नभएको तर माग पूरा गर्नका लागि कुनै पनि समूह नेतृत्व बनेर नआएको जिकिर गरे ।

'जेनजीका नवयुवाले अघि सारेका माग अनुचित थिएनन् । त्यो सरकारले पूरा गर्न नसक्ने कुरा पनि होइन । तर, उनीहरूले राखेका माग सरकारसमक्ष प्रस्तुत नै भएन,' पोखरेलले भने, 'कसले आन्दोलनको नेतृत्व गरेको भन्ने पूर्ववर्ती सरकारलाई जानकारी नै भएन ।'

साथै, उनले पूर्ववर्ती सरकारले कनै पनि चासो देखाएन भन्ने जबरजस्त भाष्य स्थापना गर्न खोजेको भन्दै त्यसप्रति आपत्ति जनाए । 'सामान्य कुरामा पनि सरकारले किन चासो राखेन भन्ने जबर जस्त भाष्य स्थापित हुन खोज्दैछ । अहिले जसरी चर्चा गर्न खोजिएको छ त्यो उचित थिएन,' पोखरेलले भने, 'परिस्थितिलाई आफ्नो स्वार्थ अनुकूल अघि बढाउन घटना बढाइएको थियो भन्ने पछिल्ला घटनाक्रमले पुष्टि गरेको छ ।'

# सचिव र मन्त्रीहरूलाई प्रधानमन्त्रीको निर्देशन– सबै मन्त्रालयको ब्लुप्रिन्ट तयार पार्नू

काठमाडौं- प्रधानमन्त्री सुशीला कार्कीले सबै मन्त्रालयको ब्लुप्रिन्ट तयार पारेर कार्यान्वयन गर्न कर्मचारीहरूलाई निर्देशन दिएकी छिन् ।

सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सबै मन्त्री र सचिवहरूलाई बोलाएर आयोजना गरिएको छलफलमा उनले यस्तो निर्देशन दिएकी हुन् । भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाहका उल्लेख्य सुधार भएको नागरिकले अनुभूतगर्नेगरी सबै मन्त्रालयको ब्लुप्रिन्ट तयार पार्न प्रधानमन्त्री कार्कीले निर्देशन दिएकी हुन् ।

'गत भाद्र २३ र २४ गतेको आन्दोलनको मर्म र भावना बमोजिम भ्रष्टाचार नियन्त्रण, सुशासन र प्रभावकारी सेवा प्रवाहका उल्लेख्य सुधार भएको सबै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी सबै मन्त्रालयहरूले ब्लुप्रिन्ट तयार गरी कार्यान्वयन गर्नुहोस्,' प्रधानमन्त्री कार्कीले निर्देश गरेकी छिन् । कर्मचारीहरूलाई स्थायी सरकार भएको बताउँदै आफ्नो ज्ञान, सीप र अनुभवको प्रयोग गर्दै कर्तव्य र उत्तरदायित्व पालनमा खरो उत्रन उनले आग्रह गरिन् । कर्मचारीहरूले नै अघि सारेका सुधार योजनाले आगम नागरिकलाई छुन



सक्नुपर्ने प्रधानमन्त्री कार्कीको भनाइ थियो ।

त्यस्तै, उनले सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न र सार्वजनिक कोषको प्रभावकारी एवं नतिजामूलक उपयोग गर्न अर्थ मन्त्रालयले जारी गरेको परिपत्रलाई कडाइका साथ पालना गर्न पनि निर्देशन दिएकी छिन् ।

निजी क्षेत्रको मनोवल वृद्धि गरी औद्योगिक वातावरणमा सुधार गर्न आवश्यक संवाद, सहजीकरण र सहकार्य गर्न उनले कर्मचारीलाई भनेकी छिन् । 'आम नागरिकमा सरकारप्रतिको भरोसा वृद्धि गर्ने एवं निजामती कर्मचारी र सुरक्षाकर्मीहरूमा मनोबल वृद्धि गर्ने उपायहरू अवलम्बन गर्नुहोस्,' प्रधानमन्त्रीको निर्देशनबारे जानकारी गराउँदै सचिवालयले भनेको छ, 'कर्मचारीहरूको सरुवा बढुवा प्रणालीलाई व्यवस्थित गरी अनुमानयोग्य, पारदर्शी र न्यायोचित बनाउन के के गर्नुपर्छ, गर्नुहोस् ।'

आन्दोलनका क्रममा क्षतिग्रस्त संरचनाको क्षति तथा नोक्सानीको प्रतिवेदन तत्काल तयार गरी पुनर्निर्माणको नीति र कार्ययोजना बनाउन पनि उनले आग्रह गरेकी छिन् ।

'निर्वाचनको वातावरण बनाउन मैल निर्वाचन आयोग सुरक्षा निकाय राजनीतिक दल र अन्य सरोकारवालाहरूसँग निरन्तर संवाद गरिरहेकी छु,' उनले थप भनेकी छिन्, 'निर्वाचनको पूर्व तयारीका लागि आआफ्ना जिम्मेवारीका कार्यहरूलाई चुस्त दुरुस्त रूपमा सम्पादन गर्नुहोस् ।' सबै मन्त्रालयहरूको वार्षिक कार्ययोजना कार्यान्वयनको समीक्षा गर्न पनि उनले आग्रह गरेकी छिन् । 'परम्परागत शैलीबाट माथि उठेर नयाँ मानकहरू स्थापना गर्नुहोस्,' उनले भनेकी छिन् । अनावश्यक देखिएका संरचना खारेज गर्ने गाभ्ने तथा हस्तान्तरण गरी सार्वजनिक प्रशासनलाई चुस्त दुरुस्त र उच्च उत्पादकत्वयुक्त बनाउने कार्य तत्काल प्रारम्भ गर्न पनि उनले आग्रह गरेकी छिन् ।

# झण्डै डेढ करोड अकुत आर्जन अभियोगमा भोजपुरका डिभिजन वन अधिकृतविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं- डिभिजन वन कार्यालय भोजपुरमा कार्यरत दानबहादुर श्रेष्ठविरुद्ध झण्डै डेढ करोडको भ्रष्टाचार मुद्दा दायर भएको छ ।

डिभिजन वन कार्यालय इलाममा डिभिजन वन अधिकृतका रूपमा कार्यरत रहँदा श्रेष्ठले पदीय अख्तियारीको दुरुपयोग गरी अकुत सम्पत्ति आर्जन गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको हो ।

अनुसन्धानका क्रममा श्रेष्ठले एक करोड ४३ लाख १८ हजार ९३७ रुपैयाँ ५० पैसा भ्रष्टाचार गरेको पाइएको अख्तियारको ठहर छ ।

श्रेष्ठविरुद्ध प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद, बिगो दरिवाना र गैरकानुनी रूपमा आर्जन गरिएको सम्पत्ति जफतको माग राखेर अख्तियारले सोमबार विशेष अदालत काठमाडौंमा आरोप पत्र दायर गरेको जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १५,
२०८२ साल कार्तिक १८ गते मंगलबार
4 NOVEMBER 2025, TUESDAY

# दराज एक्सप्रेसद्वारा नेपालका नन-प्ल्याटफर्म ब्रान्ड तथा विक्रेताहरुलाई सशक्त बनाउने उद्देश्यका साथ नयाँ सुविधा

काठमाडौं । दक्षिण एशियाकै अग्रणी ई-कमर्स प्लेटफर्म दराजले आफ्नो लजिस्टिक इकाई दराज एक्सप्रेस -म्भ्ह) मार्फत नयाँ सुविधा 'लास्ट-माइल डेलिभरी सोलुशन' औपचारिक रूपमा सार्वजनिक गरेको छ ।

सार्वजनिक गरिएको यस नयाँ सेवा, दराजको प्लेटफर्ममा नहुँदा पनि आफ्ना उत्पादनहरू बिक्री गर्ने ब्रान्ड र विक्रेताहरूका लागि छिटो, भरपर्दो र प्रविधिमुखी वितरण समाधानका रूपमा प्रस्तुत गरिएको हो । यसका माध्यमबाट दराज एक्सप्रेसले नेपालभरका व्यवसायहरूका लागि चुस्त, सुरक्षित र विश्वासिलो वितरण सञ्जाल प्रदान गर्दै उहाँहरूलाई आफ्ना उत्पादनमा केन्द्रित रहँदै व्यवसाय विस्तार गर्न अझ सशक्त बनाउने उद्देश्य लिएको छ ।




बजारमा विद्यमान सेवा प्रदायकहरूले प्रदान गर्न नसकेको गति, सन्तुष्टि र पारदर्शिताको आवश्यकता पूरा गर्ने सोचका साथ दराज एक्सप्रेसले यो समाधान उपलब्ध गराएको हो । कृत्रिम बुद्धिमत्ता (एआई)मा आधारित रुट-प्लानिङ प्रणाली र रियल-टाइम पार्सल ट्र्याकिङ प्रविधिको प्रयोगबाट -म्भ्ह) स्थानीय अर्डरहरू २४ घण्टाभित्र, र अन्तर-सहर डेलिभरीहरू ४८ घण्टाभित्र सम्पन्न गर्ने क्षमता बोकेको छ ।

यसले औसत डेलिभरी समय १.५ दिनभन्दा कममा झार्न उल्लेख्य सहयोग पुऱ्याएको छ । साथै, ९० प्रतिशतभन्दा बढी सफल नतिजा सहित गर्नं हो । ले सबै मूल्यका पार्सलहरूको वितरण सुनिश्चित गर्ने एकिकृत समाधान प्रदान गरिरहेको छ । यी सबै सुधारहरूले सञ्चालन दक्षता बढाउने र ग्राहक सन्तुष्टि सुनिश्चित गर्ने कार्यमा महत्वपूर्ण योगदान दिएका छन् । यसको प्रमाणका रुपमा म्भ्ह लाई प्राप्त ४.६/५ ग्राहक मूल्याङ्कन लाई लिन सकिन्छ ।

हालसम्म म्भ्ह्ले नेपालका १०८ प्रमुख सहरहरूमा सेवा विस्तार गरिसकेको छ । त्यसैगरी, आगामी ११.११ अभियानअघि थप ७० सहरहरूमा आफ्नो सेवा विस्तार गर्ने योजना बनाएको छ । यसले दराज एक्सप्रेसको देशव्यापी पहुँच र 'सबैका लागि छिटो र भरपर्दो ई-कमर्स सेवा' को प्रतिबद्धता झल्काउँछ ।

म्भ्ह ले विक्रेताहरूका लागि सुगम नगद प्रवाह (क्याशफ्लो) र पारदर्शी वित्तीय व्यवस्थापनमा पनि विशेष ध्यान दिएको छ । यस अन्तर्गत, विक्रेताहरूलाई हप्तामा धेरैपटक क्यास-अन-डेलिभरी म्भ्ह रकम सेटलमेन्टको सुविधा मिल्नेछ । यसले उहाँहरूलाई तत्काल पुनः लगानी गर्ने सहज वातावरणको सुनिश्चितता प्रदान गर्ने कम्पनीले विश्वास लिइएको छ । साथै, असफल डेलिभरीमा कुनै शुल्क नलाग्ने व्यवस्था गरेर म्भ्ह ले व्यवसायीहरुको जोखिम घटाउँदै बढी आम्दानी गर्न सहयोग पुऱ्याउने लक्ष्य लिएको छ ।

म्भ्ह ले दक्षिण एसियाभरकै 'लास्ट-माइल डेलिभरी' प्रणालीलाई पुनःपरिभाषित गरिरहेको छ, " दराज ग्रुपका मुख्य लजिस्टिक अधिकृत अहमद तनवीरले भने, "ठूला स्तरका अनलाइन खुद्रा व्यवसायीहरू होऊन् वा तिव्र गतिमा वृद्धि उन्मुख स्वतन्त्र विक्रेताहरु, म्भ्ह ले सबैका लागि सरल, छिटो, भरपर्दो र तथ्याङ्कमा आधारित डेलिभरी सुविधा तथा उत्कृष्ट प्रदर्शनीको सुनिश्चितता प्रदान गर्छ ।

हाम्रो उद्देश्य लजिस्टिक्सलाई अझ सरल बनाउँदै, ग्राहक अनुभवलाई थप सुदृढ पार्ने र ई-कमर्स उद्योगमा दिगो वृद्धि ल्याउने डेलिभरी पारिस्थितिकी तन्त्रको निर्माण गर्नं हो ।

# नेशनल लाईफ इन्स्योरेन्सको सफलताको शुरुवात कार्यक्रम सम्पन्न

काठमाडौं- नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. ले आफ्ना अभिकर्ताहरुका लागि १ रात २ दिनको "सफलताको शुरुवात" कार्यक्रम पोखरा स्थित होटल पोखरा ग्राण्डमा सम्पन्न गरेको छ ।

कम्पनीमा कार्यरत अभिकर्ताहरुका लागि २०८२ भाद्र महिनामा संचालन गरेको मासिक योजना अन्तर्गत लक्ष्य पुरा गर्न सफल अभिकर्ताहरुलाई नेपालको चर्चित एवं बरिष्ठ कलाकार महानायक राजेश हमालको उत्प्रेरणात्मक बिचार तथा अनुभव शेयर गर्ने उदेश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीको समुपस्थितीमा सम्पन्न कार्यक्रममा विभागिय प्रमुखहरु, प्रदेश प्रमुख, तथा विभिन्न शाखाका शाखा प्रमुखहरु सहित देशै भरीबाट उत्कृष्ट व्यवसाय गरी योजनामा छनौट हुन सफल हुनुभएका करिब ३०० जना बरिष्ठ अभिकर्ताहरुले कार्यक्रममा सहभागिता जनाएका थिए ।

प्रमुख कार्यकारी अधिकृत सुरेश प्रसाद खत्रीले पानसमा द्विप प्रज्वलन गरी शुभारम्भ गरिएको सो कार्यक्रममा सहभागि हुनु भएका अभिकर्ताहरुलाई सम्वोधन गर्नँहुँदै कम्पनीले आर्थिक बर्ष २०८१.८२ मा उल्लेखनिय व्यवसाय गर्न सफल हुनुमा अभिकर्ताहरुको मूख्य भुमिका रहेकोमा दुईमत नरहेको बताउनु भयो वहाँले कम्पनीलाई अग्रस्थानमा पुऱ्याउन महत्वपूर्ण भुमिका खेल्ने अभिकर्ता समूहलाई उच्च प्राथमिकतामा राख्दै नयाँ नयाँ योजनहरु प्रस्तुत गरेको र सोही क्रममा नेपाली सिने जगतका चर्चित कलाकार एवं वौद्धिक व्यक्तित्व महानायक राजेश हमालसंग साक्षात्कार गराई वहाँको अनुभवबाट केहि प्रेरणा लिन सकिने गरी भदौ महिनामा सफलताको शुरुवात योजना प्रस्तुत गरिएको



र यो योजनाबाट अभिकर्ताहरु उत्साही भई देशैभरीबाट करिब ३०० जना अभिकर्ताहरु छनौट हुनबाट पुष्टि भएको बताउनु भयो ।

देशैभरीबाट कार्यक्रममा छनौट भई सहभागि हुने अभिकर्ताहरुलाई प्रमुख कार्यकारी अधिकृतले सम्मान पत्रबाट सम्मानित गर्नँ भएको थियो । यसैगरी कम्पनीका बजार विभाग प्रमुख विवेक शर्माले सेल्स स्किल सम्वन्धमा तालिम प्रदान गर्नँभएको थियो ।

कार्यक्रममा महानायक राजेश हमालज्यूले यो स्थानमा आईपुग्न आफूले सिनेजगतमा गरेको संघर्ष तथा निरन्तरताले मात्र सम्भव भएको बताउनु हुँदै जुनसुकै पेशा अपनाउने व्यक्तिले पनि आफ्नो पेशालाई निरन्तरता दिँदा आफूले लिएको जिम्मेवारीमा उत्कृष्टता हासिल गर्न सकिन्छ भन्ने बिचार व्यक्त गर्नँभयो ।

मनोरञ्जनात्मक प्रस्तुती सहित सम्पन्न सो कार्यक्रममा सहभागि अभिकर्ताहरुले महानायक राजेश हमालसंग साक्षात्कार गर्ने अवसर प्रदान गरेकोमा कम्पनी प्रति आभार व्यक्त गर्दै यस प्रकारको कार्यक्रमबाट वृत्ति विकासमा समेत योगदान पुग्ने विश्वास व्यक्त गरेका थिए ।

# महालक्ष्मी विकास बैंक ISO ९००१: २०१५ बाट पुनः प्रमाणित

काठमाडौं- महालक्ष्मी विकास बैंक अन्तराष्ट्रिय स्तरमा मान्यता प्राप्त ISO ९००१: २०१५ बाट पुनः प्रमाणित भएको छ ।

गुणस्तर व्यवस्थापन प्रणाली (Quality Management System) मा अन्तराष्ट्रिय स्तरको गुणस्तरीय सेवा प्रदान गर्न अब्बल भए बमोजिम मिति २०८१ साल श्रावण ३२ (सन्२०२४ अगष्ट १६) देखी लागु हुने गरी बैंक प्रमाणित भएकोमा २०८२ साल भाद्रमा भएको पहिलो सर्भिलियन्स अडिटबाट पुनः प्रमाणित हुन सफल भएको हो । बैंकले "Provision of Development Banking Activities" अन्तर्गत प्रमाणपत्र प्राप्त गरेको र यस्तो प्रमाणपत्र प्राप्त गर्नेमा विकास बैंकहरुमा महालक्ष्मी विकास बैंक अग्रणी बैंक बनेको थियो । अन्तराष्ट्रिय मापदण्ड अनुरुपको बलियो गुणस्तर ब्यवस्थापन प्रणाली कायम गरेका साथै उत्कृष्ट सेवा प्रदान गर्न सक्ने, ग्राहक सन्तुष्टीलाई सुनिश्चित गर्न सक्ने तथा आफ्नो कार्य प्रणालीलाई निरन्तर रुपमा सुधार गर्न सक्ने संस्थाले मात्र यस्तो प्रमाणपत्र प्राप्त गर्न योग्य हुन्छन् । यस प्रमाण पत्र प्राप्तिको लागि यस बैंकको निति, नियम, प्रक्रिया, अभिलेखीकरण तथा समग्र व्यवस्थापन प्रणालीको जाँच तथा विस्तृत अडिट समेत गरिएको थियो । "सबल बैंक, सफल सहकार्य" को नारालाई आत्मसाथ गर्दै नेपाली जनताको घरदैलोमा विगत ३१ वर्ष देखि अनवरत रुपले गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकको देशभर करिब ८ लाख भन्दा बढी ग्राहकहरु रहेका छन् ।

# शिवम् सिमेन्टको No Compromise अन्तर्गतको चौथो भिडियो सार्वजनिक

काठमाडौं- नेपाली सिमेन्ट उद्योगमा अग्रणी स्थान बनाईसकेको शिवम् सिमेन्टले आफ्नो चर्चित ब्राण्ड क्याम्पेन Quality को मामलामा No Compromise अन्तर्गतको चौथो भिडियो सार्वजनिक गरेको छ ।

जहाँ एक जना जिम्मेवार डाक्टर जसले आफ्नो पारिवारिक भ्रमणमा निस्कनै लाग्दा आकश्मीक आएको विरामिलाई अप्रेशन गरी आफ्नो जिम्मेवारीलाई पुरा गरेको देखाउदै जिम्मेवारीको मामलामा NO Compromise भन्ने सन्देश देखाईएको छ ।

यस अघि क्याम्पेनको पहिलो चरणमा एक कर्तव्यनिष्ठ ट्राफिक प्रहरीको जीवनमार्फत कर्तव्यको मामलामा ल्इ ऋयफउचयफष्कभ भन्ने सशक्त सामाजिक सन्देश मुलक प्रचार भिडियो सामग्री प्रस्तुत गरिएको थियो ।

यो भिडियोले समाजमा कर्तव्यबोध र उत्तरदायित्वप्रतिको चेतना फैलाउने उद्देश्य राखेको थियो । त्यैस्तै दोस्रो भिडियोमा घरबेटी र भाडावालबीचको सम्झौतामा आधारित कथा मार्फत "सर्तकताको मामलामा NO Compromise भन्ने सन्देश दिन खोजेको छ ।




यो भिडियोले विश्वास पात्रहरूबाट हुनसक्ने धोका, छलकपट बारे सचेत गराउँदै, सामान्य जीवनका निर्णयहरूमा पनि विवेक र सतर्कता आवश्यक हुन्छ भन्ने कुरामा जोड दिएको थियो भने तेस्रो भिडियोमा जहाँ हाम्रो जिवनमा हुने एक एक सेकेण्ड समयको महत्वलाई दर्साउन दुई साथी विच एक जना समयमै आफ्नो यात्राको लागि एयरपोर्ट पुगि सकेको र अर्को एक जना आफ्नो जहाज उडान समय डिले हुने भन्दै निर्धारीत समयसम्म घरै बसेको तर जहाज समयमै उड्न लागेको कुरालाई समय संग जोडेर "समयको मामलामा ल्इ ऋयफउचयफष्कभ भन्ने सन्देश देखाईएको छ । उक्त सामाजिक सन्देश मुलक विज्ञापनहरु दर्शकहरुले अत्याधिक रुचाईएको थिए ।

शिवम् सिमेन्टको यो अभियान केवल विज्ञापन मात्र नभएर समाजप्रतिको उत्तरदायित्व र जनचेतना अभिवृद्धिमा केन्द्रित छ । NO Compromise भन्न जति सजिलो छ त्यतिनै व्यवहारमा पुरा गर्न गाह्रो छ, तर जसले पुरा गर्छ, उसको शिर सँधै ठाडो हुन्छ" भन्ने सन्देश मार्फत, शिवम्सिमेन्टले आफ्नो गुणस्तरमा कहिल्यै सम्झौता नगर्ने नीति झनै मजबुत रूपमा प्रस्तुत गरेको छ ।

शिवम्सिमेन्टले स्थापना कालदेखि नै केवल ओ.पी.सी. - Ordinary Portland Cement सिमेन्ट उत्पादन तथा विक्रि गर्दै आएको छ । कम्पनीले सधैं गुणस्तर, भरोसा र दीर्घकालीन सम्बन्धमा विश्वास गर्दै आएको छ र जस्तो सुकै परिस्थितीमा पनि आफ्नो No compromise को बाचा पुरा गर्दै निरन्तर गुणस्तरीय सिमेन्ट उत्पादन तथा विक्रि वितरण गर्दै आईरहेको छ ।

# एनआई सीका ग्राहकले स्काइवाक टावरमा सेवा लिँदा २५ प्रतिशत छुट

काठमाडौं- एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरुलाई काठमाडौं, कमलादीस्थित स्काइवाक टावरमा सेवा लिँदा २५ प्रतिशत छुट सुविधा उपलब्ध एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरुलाई वन्डर्स नेपाल प्रा. लि. द्वारा सञ्चालित स्काइवाक टावरमा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा कम्पनी र बैंकबीच सम्झौता सम्पन्न भएको छ ।



यस समझदारीसँगै यस बैंकका ग्राहक महानुभावहरुले काठमाडौं, कमलादीमा रहेको उक्त स्काइवाक टावरमा सेवा लिई डिजिटल भुक्तानी गर्दा २५ प्रतिशत छुट प्राप्त गर्न सक्नुहुनेछ ।

यस सुविधाको उपयोग गर्न ग्राहक महानुभावहरुले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैंक(:यद्यबलप) एप मार्फत भुक्तानी गर्नँपर्ने छ ।

उक्त कम्पनीसँगको यस सहकार्यले ग्राहक महानुभावहरुलाई छुट सुविधा उपलब्ध हुनुको साथै, मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

# एभरेष्ट बैंक लिमिटेडको ३१औं वार्षिक साधारण सभा सम्पन्न

काठमाडौं- एभरेष्ट बैंक लिमिटेडको ३१औं वार्षिक साधारण सभा मिति २०८२/०७/१२ मा सम्पन्न भएको छ । सभाले लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पारित गरेको छ ।

सभाले शेयरधनीहरुका लागि ६५ बोनस शेयर, १४५ नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव पारित गरेको छ । आ.व. २०८२/८३ को लागि जि.पि. राजवाहक एण्ड कम्पनीलाई लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव समेत सभाले सर्वसम्मतबाट पारित गरेको छ ।

# हाइटेक टनेलमा च्याउखेती गरेर वार्षिक १० लाख आम्दानी



कञ्चनपुर- कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-६ कसरौलका २९ वर्षीय वीरबहादुर रानाले आधुनिक प्रविधिबाट च्याउखेती गरेर गाउँमै आत्मनिर्भर किसानको उदाहरण प्रस्तुत गरेका छन् ।

अठार महिने कृषि (जेटिए) अध्ययन गरेका रानाले हाइटेक टनेलमा मौसमी र बेमौसमी च्याउ उत्पादन गर्दै वार्षिक रु १५ लाखभन्दा बढीको च्याउ बिक्री गर्छन् । खर्च कटाएर उनले वर्षमा झण्डै रु १० लाख नाफा कमाउने गरेका छन् ।

रानाले चिसो मौसममा कन्या र गर्मीमा मिल्की च्याउको खेती गर्छन् । मिल्की च्याउ डल्ला राखेको १५ दिनमा र कन्या च्याउ २० देखि २५ दिनमा तयार हुने उनको भनाइ छ । पिँकी च्याउको पनि उत्पादन गरे पनि बजार अभावका कारण हाल त्यो खेती स्थगित गरिएको रानाले बताए ।

महेन्द्रनगर र झलारी बजारमा बेमौसमी कन्या च्याउको थोक मूल्य प्रतिकिलो रु ३५० र मौसमी समयमा रु १०० मा बिक्री गरेको छभने मिल्की च्याउ प्रतिकिलो रु ४०० मा बिक्री हुने गरेको छ । माग बढेसँगै उनले बाह्य बजारमा पनि च्याउको आपूर्ति गर्दै आएका छन् ।

विवाह, भोजभतेर र चाडपर्वमा च्याउको माग बढी हुने गरेको छ । हाल उनले मोटरसाइकलमार्फत् माग आएका ठाउँमा च्याउ ढुवानी गर्दै आएका छन् ।

विसं २०७७ मा जेटिए अध्ययनका क्रममा विद्यालयमा पढेको ज्ञानलाई व्यवहारमा उतार्दै उनले घरकै गोठको एक कुनामा पहिलोपटक च्याउखेती गर्न सुरु गरेका थिए । घरमा उपलब्ध भाँडाकुँडामै पराल उमालेर, खटियामा सुकाएर २५ वटा परालका डल्ला बनाएर बीउ राख्दा राम्रो उत्पादन भएपछि उनले यसलाई व्यावसायिक रूपमा विस्तार गरे । पहिलो सफलतापछि उनले बाँसको झुपडीमा ५०० परालका डल्ला राखेर मौसमी च्याउखेती सुरु गरे । बजारमा सहज बिक्री भएपछि व्यवसाय विस्तारको हौसला मिलेको उनले सम्झे ।

हाल रानासँग च्याउखेतीका लागि फलामका छवटा हाइटेक टनेल रहेका छन् । छवटै टनेलमा निरन्तर बाह्रै महिना च्याउ उत्पादन भइरहेको छ । पराल काट्न, उमाल्न र सुकाउन आधुनिक मेसिनको प्रयोग हुने गरेको छ । केही उपकरण र टनेल अनुदानमा प्राप्त भए पनि धेरैजसो उपकरण उनले आफ्नै आम्दानीबाट खरिद गरेका हुन् ।

आधुनिक प्रविधिको प्रयोगले समय, जनशक्ति र खर्च तीनैमा बचत हुने उनको भनाइ छ । च्याउ उत्पादनमा उनका श्रीमतीसहित घर परिवारका सदस्यले साथ दिने गरेका छन् । कामको चाप अधिक भएका बेला कामदारलाई ज्यालादारीमा राखेर काम लिने गरेका छन् । 'बिक्री नभएको च्याउ सुकाएर दोब्बर मूल्यमा बेच्न सकिन्छ', उनले भने,'त्यसका लागि अहिले आधुनिक इलेक्ट्रोनिक ड्रायर खरिद गर्ने योजना बनाएको छु ।' हाल उनको च्याउ उत्पादनमा झण्डै रु २० लाख बराबरको लगानी रहेको छ । भविष्यमा लगानी बढाएर डल्ले च्याउको उत्पादन सुरु गर्ने तयारीमा छन् उनी ।

रानाले च्याउखेतीमा गुणस्तरीय बीउको प्रयोग अत्यावश्यक रहेको बताए । 'बीउ राम्रो भए उत्पादन बढी हुन्छ, कमसल बीउ भए फसल पनि कमजोर हुन्छ', उनले भने, 'त्यसैले बीउ उत्पादकहरूले गुणस्तरमा ध्यान दिनुपर्छ ।' च्याउमा पनि अन्य बालीजस्तै रोगब्याधि लाग्ने भएकाले समयमै उपचार आवश्यक हुने रानाको भनाइ छ । उनले विद्यालयमा सिकेको कृषि ज्ञानले नै आजको सफलताको बाटो देखाएको बताए । 'च्याउखेतीलाई अझै विस्तार गर्न आधुनिक तालिम र प्रविधिको आवश्यकता छ', उनले भने, 'कृषिसम्बन्धी निकायले त्यसमा चासो देखाउनुपर्छ ।'

हालसम्म आफ्नै प्रयासमा च्याउखेती विस्तार गर्दै आउनुभएका राना अन्य युवाका लागि पनि प्रेरणाको स्रोत बनेका छन् । गाउँमा बस्दै आधुनिक प्रविधिबाट सफल हुन सकिन्छ भन्ने सन्देश उनको सफलताले दिएको छ ।

## खेलकुद

# सुदूरपश्चिम रोयल्समा ब्राउन अनुबन्धित




काठमाडौं- सुदूरपश्चिम रोयल्सले दोस्रो नेपाल प्रिमियर लिग (एनपीएल) का लागि चौथो विदेशी खेलाडीमा अस्ट्रेलियाका ब्याटर जोस ब्राउनलाई अनुबन्ध गरेको छ ।

बिगबास लिग (बीबीएल) क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरेका ब्राउनले टी-२० क्रिकेटमा४० खेल खेल्दै ९४५ रन बनाएका छन् । जोसले टी-२० मा सर्वाधिक १४० रन बनाएका छन् । टी-२० मा यो स्कोर कमै खेलाडीले मात्र बनाएका छन् ।

'एनपीएल खेल्न आउने खबरले धेरै उत्साही छु, नेपाली समर्थकलाई छिट्टै भेट्ने छु,' ब्राउनले रोयल्सको विज्ञप्तिमार्फत भनेका छन् । सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत (सीईओ) प्रकाश खड्काले ब्राउनले बीबीएलमा आफ्नो बेग्लै छाप छोडेको र नेपालमा पनि उनको उत्कृष्ट प्रदर्शन हुनेमा विश्वस्त बताए ।

सुदूरपश्चिम टोलीमा दीपेन्द्रसिंह ऐरी, आरिफ शेख, विनोद भण्डारी, अविनाश बोहरा, दीपक बोहरा, मिलन बोहरा, हेमन्त धामी, इशान पाण्डे, टेक रावत, नरेन साउद, दीपेन्द्र थापा, स्कट कुग्गेलिजन, क्रिस लिन, हरमित सिंह र जोस ब्राउन छन् । मुख्य प्रशिक्षकमा जगत टमाटा छन् ।

# गुलरियामा एनपीएल ट्रफी प्रदर्शन



बर्दिया- गुलरियामा नेपाल प्रिमियर लिग (एनपीएल) ट्रफी प्रदर्शन गरिएको छ । गुलरिया नगरपालिका-६ राधाकृष्ण चोकमा सोमबार ट्रफी प्रदर्शन गरिएको हो ।

एनपीएलको दोस्रो संस्करण सुरु हुनुपूर्व विभिन्न ठाउँमा ट्रफी प्रदर्शन कार्यक्रम भइरहेको छ । सोहीक्रममा सोमबार गुलरियामा ल्याइएको ट्रफीको भव्य रूपमा स्वागत गरिएको छ । गुलरियामा लुम्बिनी लायन्सले एनपीएलको ट्रफी ल्याएर जिल्लावासीलाई क्रिकेटसँग जोड्न प्रयास गरेकामा लुम्बिनी लायन्स क्लब धन्यवादको पात्र रहेको बर्दियाका पूर्व क्रिकेट खेलाडी दीपकलाल श्रेष्ठले बताए । कार्यक्रममा गुलरिया नगरपालिकाकी उप-प्रमुख सावित्रा गौतम, खेलप्रेमी, शिक्षक विद्यार्थीलगायत उपस्थित थिए ।

# उपसभामुख र राष्ट्रियसभा उपाध्यक्षको स्वकीय सुविधा पनि खोसियो

काठमाडौं- सांसदहरूसँगै प्रतिनिधि सभाका उपसभामुख र राष्ट्रियसभाका उपाध्यक्षको स्वकीय सुविधा पनि खोसिएको छ ।

सरकारले संघीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७३ को अनुसूची दुईमा हेरफेर गरेर प्रतिनिधि सभाका उपसभामुख र राष्ट्रियसभा उपाध्यक्षको स्वकीय सुविधा खोसेको हो ।

संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन २०७३ को दफा २५ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्ने उल्लेख छ ।

यही अधिकार प्रयोग गरेर सरकारले अनुसूची दुई को क्रमसंख्या २ र ३ मा हेरफेर गर्दै उपसभामुख र राष्ट्रियसभा उपाध्यक्षले पाउँदै आएको स्वकीय सुविधा खोसेको हो ।

उक्त ऐन अनुसार उपसभामुख र उपाध्यक्षले स्वकीय सचिव रा.प.द्वि. एक/एक जना पाउँदै आएका थिए । स्वकीय सुविधा खोसिएतापनि उपसभामुख र उपाध्यक्षले पाउने अन्य सुविधा यथावत छ । जस अन्तर्गत दुवैले एक/एक जना कम्प्युटर अप्रेटर, दुई/दुई जना सवारी चालक, दुई/दुई जना कार्यालय सहयोगी पाउँछन् ।

यसका अलावा एउटा/एउटा प्रिन्टरसहितको कम्प्युटर, दुई/दुई वटा साइकल, अतिथि सत्कार खर्च प्रति महिना दुई/दुई हजार, अंग रक्षक पदिक एक/एक जना, विल्लादार गार्ड एक/एक जना पाउँछन् ।





सांसदहरूले पाउँदै आएको स्वकीय सुविधा पनि खोसिएको छ । संघीय संसद् अन्तर्गत प्रतिनिधि सभामा २७५ जना र राष्ट्रिय सभामा ५९ जना सांसद् हुन्छन् ।

राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्तापक्षको नेता र सत्तापक्षको मुख्य सचेतकले पाउँदै आएको एक/एक जना स्वकीय सचिव रा.प.द्वि.को सुविधा पनि खोसिएको छ ।

सभामुख र राष्ट्रिय सभाका अध्यक्षले पाउने सुविधाहरू भने यथावत छ ।

दुवैले स्वकीय सचिव (रा.प.प्र.) एक/एक जना, स्वकीय सचिव (रा.प.द्वि.) एक/एक जना, स्वकीय सचिव (रा.प.तृ.)एक/एक जना, कम्प्युटर अप्रेटर ( रा.प.अ.प्र.) एक/एक जना पाउँछन् । सवारी चालक (प्रथम स्तर) दुई/दुई जना, कार्यालय सहयोगी (प्रथम स्तर) दुई/दुई जना पाउँछन् ।

सभामुख र राष्ट्रिय सभा अध्यक्ष दुवैले प्रिन्टर सहितको कम्प्युटर एक/एक वटा, साईकल दुई/दुई वटा, अतिथि सत्कार प्रति महिना २५/२५ हजार, अंग रक्षक, पदिक एक/एक जना, विल्लादार गार्ड एक/एक जना, सैनिक जवान (सिपाही) १०/१० जना पाउँछन् ।

सभामुख र राष्ट्रिय सभाका अध्यक्षको सुविधा यथावत रहेको र उपसभामुख र उपाध्यक्षको सुविधा कटौती भएको विषयमा आइतबार संघीय संसद्को व्यवस्थापन समितिको बैठकमा छलफल समेत भएको थियो । यो विषयमा सभामुख देवराज घिमिरेले प्रधानमन्त्री सुशीला कार्कीसँग कुरा गर्ने प्रतिवद्धता समेत जनाएका छन् ।

# मङ्सिर २७ मा एमालेले इतिहासकै ठूलो जनसभा गर्ने

काठमाडौं- नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले मङ्सिर २७ गते नेपालको इतिहासमा सबैभन्दा ठूलो जनसभा गर्ने भएको छ एमाले महासचिव शङ्कर पोखरेलले मङ्सिर २७ मा इतिहासकै ठूलो जनसभा गर्न लागेको र जनता कसको पक्षमा छन् भन्ने देखाउने बताएका हुन् । सोमबार प्रेस चौतारी नेपालले आयोजना गरेको अन्तरक्रियामा बोल्दै महासचिव पोखरेलले यस्तो दाबी गरेका हुन् ।

# गैरसरकारी संस्था महासंघको गुनासो : हामीमाथि नियोजित रूपमा भ्रम फैलाइयो

काठमाडौं- गैरसरकारी संस्था महासंघले नेपालको परिवर्तित राजनीतिक परिवेशमा गैरसरकारी संस्था तथा नागरिक समाजमाथि नियोजित रूपमा हल्ला, भ्रम र आरोपहरू फैलाइएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

महासंघका अध्यक्ष अर्जुन भट्टराई र महासचिव देवी खड्का ले सोमबार विज्ञप्ति जारी गर्दै गैरसरकारी संस्था तथा नागरिक समाजमाथिको नियोजित अविश्वास र लाञ्छना लोकतन्त्र, संविधान र मानव अधिकारमाथिको आक्रमण भएको बताएका हुन् । 'गैरसरकारी संस्थाहरू राज्यका विपक्षी होइनन्, बरु राज्यका नीतिलाई कार्यान्वयनमा सहयोग गर्ने साझेदार हुन् । नागरिक समाजमाथिको अविश्वास र निराधार आरोप लोकतन्त्रका मूल्य, सिद्धान्त र मर्ममाथिको प्रहार हो भन्ने हाम्रो ठहर छ,' विज्ञप्तिमा भनिएको छ ।

अभिव्यक्ति र संगठन स्वतन्त्रता, नागरिक सहभागिता र उत्तरदायित्वमाथि नियन्त्रणको नाममा दबाब सिर्जना गर्ने प्रवृत्ति विगतदेखि नै देखिँदै आएको भन्दै महासंघले भनेको छ, 'तर पछिल्ला दिनहरूमा जेन्जी आन्दोलनपछि केही राजनीतिक वृत्त, संचार माध्यमका अभिव्यक्ति र व्यक्तिगत टिप्पणीहरूबाट नागरिक समाज र संस्थाहरूको भूमिकामाथि गरिएको टिप्पणीले नेपालमा नागरिक आन्दोलनले पुऱ्याएको योगदानको अवमूल्यन भएको महसुस गरिएको छ ।' यस्ता प्रवृत्तिहरूले संविधानले प्रत्याभूत गरेका राजनीतिक तथा नागरिक अधिकारहरू कमजोर पार्ने, अविश्वास र संस्थागत संकट निम्त्याउने गम्भीर खतरा रहेको महासंघले औंल्याएको छ । गैरसरकारी संस्थाहरू लोकतन्त्र, संविधान, बहुलवाद, मानव अधिकार र सुशासनप्रति प्रतिबद्ध रहेको महासंघले जनाएको छ ।

महासंघ, सदस्य संस्थाहरू तथा साझेदार विकास निकायहरू सधैं लोकतान्त्रिक मूल्य, संवैधानिक अभ्यास, राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता, शान्ति र स्थायित्वका पक्षमा दृढ रहेको महासंघले जनाएको छ ।




'जेनजी आन्दोलनका युवाहरूले उठाएका मागहरू न्यायोचित रहेको भन्दै मुलुकलाई भ्रष्टाचारमुक्त, उत्तरदायी बनाउन र सेवा प्रवाह प्रभावकारी बनाउन विद्युतीय शासन प्रणाली र चुस्त अनुगमन प्रणाली तत्काल लागु गर्न महासंघले सरकारसँग आग्रह समेत गरेको छ । जेनजी आन्दोलनका क्रममा भएका हिंसात्मक घटना र सम्पत्ति क्षतिका घटनाप्रति घोर भर्सना गर्दै महासंघले यसमा संलग्नमाथि निष्पक्ष छानबिन गर्न महासंघले माग समेत गरेको छ । यसका लागि गठन भएको आयोगलाई निष्पक्ष रूपमा सत्यतथ्य सहित कुनै पूर्वाग्रह नराखी छानविन गर्न र राष्ट्रिय मानव अधिकार आयोगलाई प्रभावकारी सहयोग गर्न महासंघले आग्रह समेत गरेको छ । संसद् विघटनको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा, सबै पक्षले अदालतको निर्णयलाई सम्मान र कार्यान्वयन गर्नु नै लोकतान्त्रिक जिम्मेवारी भएको भन्दै महासंघले वर्तमान राजनीतिक जटिलतामाथि गम्भीर ध्यान दिँदै स्वच्छ, भयरहित र तोकिएको समयमा निर्वाचन सम्पन्न गर्न सरकार, परम्परागत र नयाँ राजनीतिक दलहरू, नागरिक समाज जेनजीबीच संवाद र सहकार्यको वातावरण निर्माण गर्न आह्वान समेत गरेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १५,
२०८२ साल कार्तिक १८ गते मंगलबार
4 NOVEMBER 2025, TUESDAY

# जाँचबुझ आयोगको टोली पुग्यो नख्खु कारागार




काठमाडौं- जेन-जी आन्दोलनमा भएको दमन र भोलीपल्टको आगजनीबारे जाँचबुझ गर्न गठन भएको आयोगले नख्खु कारागारमा पुगेर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसँग सोधपुछ गरेको छ ।

आयोगको टोली सोमबार नख्खु कारागार पुगेर थुनामा रहेका पूर्वगृहमन्त्री रवि लामिछानेसँग सोधपुछ गरेको हो ।

आयोगले नख्खु कारागारको निरीक्षण गर्नँका साथै कैदीबन्दीहरूसँग पनि सोधपुछ गरेको हो । आन्दोलनकारीहरूको भीड नख्खु कारागार पुगेपछि लामिछाने कारागारबाट बाहिर निस्किएका थिए । उनी निस्किएपछि अरू कैदीबन्दीहरू पनि कारागारबाट बाहिर निस्किएको आरोप लागेको छ । तर रवि लामिछाने र उनी आवद्ध राष्ट्रिय स्वतन्त्र पार्टीले नख्खु कारागारका जेलर सत्यराज जोशीको जारी गरेको पत्रका आधारमा लामिछाने थुनामुक्त भएको दाबी गरेका थिए । नख्खुका जेलर जोशीसँग सोधपुछ गरेको भोलिपल्ट आयोगले थुनामा रहेका लामिछानेसँग सोधपुछ गरेको हो ।

बुटबलको सुप्रिम सहकारीको रकम गोर्खा मिडिया प्रालीमा ल्याएर सहकारी ठगी गरेको आरोपमा लामिछाने थुनामा परेका छन् । भैरहवा कारागारमा रहेका उनलाई केही महिनाअघि नख्खुमा ल्याइएको हो । उनी नख्खुमै रहेका बेला भएको हुलदंगापछि उनी भदौ २४ मा कारागारबाट बाहिर निस्किएका थिए ।

'आयोगका पदाधिकारीहरू सहितको टोलीले भदौ २४ गते नख्खु कारागारको समग्र अवस्थाबारे सोधपुछ गर्नँका साथै वस्तुस्थिति अध्ययन गरेर फर्कियो' आयोग सम्वद्ध स्रोतले भन्यो, 'लामिछाने बाहेक अरु कैदीबन्दीहरूसँग पनि कुराकानी भएको थियो । त्यसमा पनि नाईके र भाइनाइकेहरूले विस्तृत कुराकानी गरेका थिए ।

सोधपुछका क्रममा लामिछाने थुनाबाहिर निस्कनुपर्दाको अवस्था, जेलरको नाममा जारी भएको पत्र, त्यसपछि उनी जेलबाहिर जाँदाको परिस्थितिदेखि अरू विषयमा छलफल भएको स्रमेतले बतायो । कारागारसम्वद्ध स्रोतले भन्यो, 'त्यसक्रममा उहाँले आयोगको टोली समक्ष आफ्नो कुरा राख्नुभएको थियो ।'

गतसाता उपत्यका बाहिर रहेको जाँचबुझ आयोगका पदाधिकारीहरू विभिन्न ठाँउको सूचना संकलन गरी काठमाडौं फर्किएका थिए । आइतबारदेखि आयोग काठमाडौंका घटनामा केन्द्रित हुन थालेको हो ।

आइतबार मात्रै आयोगले प्रहरी मुख्यालयमा पत्र पठाएको थियो, जसका आधारमा हेडक्वार्टरले भदौं २३ र २४ गते जिम्मेवारीमा रहेका प्रहरी इञ्चार्जहरूलाई काठमाडौं उपत्यका नछाड्न सर्कलर जारी गरेको छ ।

# सञ्चारमन्त्री खरेलसाग कोरियाका राजदूतले गरे भेट



काठमाडौं- सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलसँग नेपालका लागि गणतन्त्र कोरिया (दक्षिण कोरिया)का राजदूत पार्क तइ योङले शिष्टाचार भेट गरेका छन् ।

सिंहदरबारस्थित मन्त्रालयमा भएको भेटमा नेपाल तथा गणतन्त्र दक्षिण कोरियाबीचको द्विपक्षीय ऐतिहासिक सम्बन्ध, द्विपक्षीय सहकार्य तथा वर्तमान अवस्था र नेपाल सरकारका प्रथमिकताका सम्बन्धमा छलफल भएको सञ्चारमन्त्री खरेलको सचिवालयले जनाएको छ ।

भेटमा सञ्चारमन्त्री खरेलले नेपाल र दक्षिण कोरियाबीचको सम्बन्ध, नेपालमा दक्षिण कोरियाको सहयोगमा सञ्चालित विकास आयोजनालगायत नेपालमा डाटा सेन्टरको स्थापनामा पुऱ्याएको सहयोगका लागि आभारसमेत व्यक्त गरे । यसका साथै मन्त्री खरेलले नेपालको विद्यमान परिस्थितिको साथै स्वतन्त्र तथा निष्पक्ष रूपमा निर्वाचनलाई सम्पन्न गर्ने, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सरकारको प्रमुख प्राथमिकतामा रहेको जानकारी गराए ।

सञ्चारमन्त्री खरेलले रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत दक्षिण कोरियाले लामो समयदेखि नेपाली युवालाई रोजगारी प्रदान गरिरहेकोमा सराहाना गरे । सो अवसरमा दक्षिण कोरियाका राजदूत पार्क तइ योङले मन्त्री खरेललाई बधाइ तथा सफल कार्यकालको शुभकामना व्यक्त गरे ।

राजदूत योङले नेपालमा दक्षिण कोरियाली सहयोगमा सञ्चालित परियोजनाको अवस्था तथा नेपालमा कोरियाली सरकारको सहयोगको प्राथमिकताका विषयमा जानकारी गराउँदै कोरिया सरकार नेपालको शिक्षा, कृषि, सूचना प्रविधिलगायतका क्षेत्रमार्फत आर्थिक रुपान्तरण एवम् समृद्धिका लागि सहयोग गर्न तत्पर रहेको जानकारी गराए ।

राजदूत योङले नेपाली युवा मेहेनती र इमान्दार रहेको तथा पछिल्लो समय नेपाल कोरियामा वैदेशिक रोजगारीमा पठाउने उत्कृष्ट मुलुक रहेको उल्लेख गरे ।

## अन्तराष्ट्रिय

### अफगानिस्तानमा ६.३ म्याग्निच्युडको भूकम्प, जनधनको क्षति

काठमाडौं- अफगानिस्ताको उत्तरी क्षेत्रमा शक्तिशाली भूकम्प गएको छ । भूकम्पबाट कम्तिमा आठ जनाको मृत्यु भएको छ ।

घाइतेहरु धेरै रहेका र कतिपयको अवस्था चिन्ताजनक भएकाले मृतकको संख्या बढ्ने आशंका छ ।

अधिकारीहरुका अनुसार भूकम्प प्रभावित क्षेत्रमा खोज, उद्धारको काम जारी छ ।

बीबीसीका अनुसार सोमबार राति करिब १ बजे मजार-ए-शरीफ भन्ने स्थानका केन्द्रविन्दु भएर ६.३ म्याग्निच्युडको भूकम्प गएको थियो । भूकम्पबाट अग्ला बिल्डिङहरु पनि ढलेका छन् ।



अफगानिस्तानको स्वास्थ्य विभागका प्रवक्ता समिन जुयन्दाले भूकम्पमा परी ८ जनाको मृत्यु भएको र १८० जना घाइते भएको प्रारम्भिक विवरण प्राप्त भएको बताएका छन् ।

तालिबान सरकारका प्रवक्ता हाजी जैदले भूकम्पबाट बाल्ख प्रान्तको शोलगरा जिल्लामा बढी क्षति पुगेको बताएका छन् ।

### इजरायली सेनाकी पूर्व शीर्ष कानुनी अधिकारी पक्राउ

काठमाडौं- इजरायली सेनाकी पूर्व शीर्ष कानुनी अधिकारी मेजर जनरल यिफात टोमर येरुसाल्मीलाई प्रहरीले पक्राउ गरेको छ । आइतबार उनी बेपत्ता भएको खबर बाहिरिएसँगै इजरायलमा राजनीतिक सरगर्मी बढेको थियो ।

प्रहरीले घण्टौंसम्म खोजी गरेपछि उनलाई तेल अभिभको उत्तरतर्फ रहेको समुद्री किनारबाट पक्राउ गरिएको जनाएको छ। उनी सकुशल रहेको प्रहरीले जनाएको छ । उनलाई थप अनुसन्धानका लागि हिरासतमा राखिएको छ ।

प्यालेस्टाइनी बन्दीमाथि इजरायली सेनाले गरेको निर्मम दमनको भिडियो सार्वजनिक भएको एक वर्षभन्दा लामो समयपछि गत साता इजरायलमा यसबारे आपराधिक अनुसन्धान सुरु गरिएको थियो। त्यस्तै, अनुसन्धान सुरु हादा जनरल टोमरलाई बिदामा राखिएको थियो ।

शुक्रबारमात्रै रक्षामन्त्री इजरायल काट्जले उनलाई पदमा फर्कन नदिने बताएकी थिइन् । त्यसपछि जनरल टोमरले राजीनामा दिइन् । राजीनामा पत्रमा उनले सैन्य युनिटका तर्फबाट मिडियामा पुगेका कुनै पनि सामाग्रीको नैतिक जिम्मेवारी आफुले लिने उल्लेख गरेकी थिइन्। उग्र दक्षिणपन्थी राजनीतिज्ञ तथा उनीहरुका समर्थकले भिडियो लिक गर्न भूमिका खेलेको भन्दै टोमरको निरन्तर आलोचना गरिरहेका छन् ।

अगस्ट २०२४ मा इजरायली न्युज च्यानलबाट प्रशारणमा आएको यो भिडियो फुटेजमा दक्षिणी इजरायलस्थित एक सैन्य अखडामा प्यालेस्टाइनी बन्दीमाथि भएको ज्यादती प्रस्टै देखिन्छ ।

यहाँ कालोपट्टी लगाइएका ती बन्धकलाई सैनिकहरुले निर्मम कुटपिट गर्नँका साथै धारिलो वस्तुले प्रहारसमेत गरेका छन् । यी बन्धक यसपछि गम्भीर घाइते थिए ।

**नेपालमा कार्यकारी**...

आगो लगाउने डर, लुटपाट हुने डर, मारपिट हुने डरले मन्त्री बन्न यतिवेला बौद्धिक रुपमा खारिएका व्याक्तित्वहरु ईच्छा देखाउदैनन् । आग्रह गर्दा समेत ईन्कार गरिरहेका छन् । मन्त्रीको अफर पाएका गणपतिलाल श्रेष्ठले मन्त्री पद ईन्कार गरे । डा. सन्दुक रुईतले प्रधानमन्त्री सुशिला कार्कीले नै अनुरोध गर्दा समेत मन्त्री हुन ईन्कार गरेका थिए ।

अझै हाफ दर्जन मन्त्रालय खाली छन् । प्रधानमन्त्रीलाई मन्त्रालयहरुको लोड परिरहेको छ । चुनाव गराउने सरकार भएको हुनाले चटारो त्यतिकै छ । देशको अर्थतन्त्रमा गिरावट आएको छ । त्रास कायमै छ । यस्तो अवस्थामा देश गुज्रीरहेको छ ।

कार्यकारीको हल्लाले के देश विकास हुन्छ ?

यतिवेला कार्यकारी राष्ट्र प्रमुखको बहस चलाईन थालेको देखिन्छ । नेपालको चर्चित नम्बर वानमा रहेको अनलाईन खबरले त सम्बन्धित विज्ञहरुको धारणा समेत राखेर रिपोर्ट सार्वजनिक गरेको छ । विभिन्न तर्क पेश भएका छन् । कुरा सुन्दा हासउठ्ने खालको देखिन्छ । कार्यकारी हुने वित्तिक्कै स्थाईत्व हुन्छ रे ।

यो नेपालमा विगत देखिनै हल्ला गर्नेहरुको चलन हो । कुनैवेला कम्युनिष्ट नामका पार्टीहरुले यो मुद्दा उठाउने गर्थे । तिनै कम्युनिष्टहरु मध्यमार्गी, प्रजातन्त्रवादीहरुको संलग्नतामा नेपालमा ७ पटक संविधान फेरिसकेको छ । कुनैवेला एकतन्त्रीय भनिएको राणा साशन थियो, कुनैवेला प्रजातन्त्रवादी, राजतन्त्रवादी र राणहरु मिलेर साशन चलाएका थिए । कुनैवेला प्रजान्त्रवादी अर्थात नेपाली काँग्रेसले २०१५ सालमा दुईतिहाई बहुमत ल्याएर पनि सरकार चलाएकै थियो । २०१७ सालमा महेन्द्रले वर्तमान सरकारलाई कु गरेर १० वर्ष एकतन्त्रीय साशन चलाएका थिए । कुनैवेला प्रजातन्त्र स्थापना भईसकेपछि मध्यमार्गी भनिएको राप्रपाले समेत सरकारको पटक पटक नेतृत्व गरेको थियो । पुनः माओवादीले २०५२ सालमा जनयुद्ध गरेर २०६२-६३ को जन आन्दोलन पश्चात शान्तिपुर्ण राजनीतिक मुलधारमा आई गणतन्त्र स्थापना गर्ने उसैको योजना र संघियता सहितको संविधान बनाए थिए । यि कालखण्डहरुलाई हेर्दा व्यवस्था फेर्ने कुरा गरेर नेपालीलाई अस्थिरतामा धकेलिराख्ने र कुनै व्याक्ति विशेषलाई प्रधानमन्त्री बन्ने रहर हुने त्यो रहर पुरा गराईदिन विदेशीले बोकिदिने यस्ता योजनाहरु नेपालमा सफल भएका छन् । तर नेपाल देश र नेपाली जनताको अवस्थामा कहिल्यै सन्तोषको सास फेर्न सक्ने खालको व्यवस्थापन भएको पाईदैन ।

प्रधानमन्त्रीको कुर्सीमा बस्ने मान्छे फेरिएर वा व्यवस्था फेरेर मात्र देशको विकास फेरिदो रहेनछ । नेपालीहरुको मानसिकता पनि फेरिनु पर्दोरहेछ । हामीले २०६४ सालमा संविधान फेर्नको लागि निर्वाचन गरेर २ वर्षमा संविधान तयार गर्नुपर्ने ठाउमा नसकेर अर्को निर्वाचन गरी ९ वर्षमा संविधान बनाऔं । यसरी व्यवस्थाका लागि मात्र दोष दिदै राजनीतिक अस्थिरता बढाउदै लैजादा नेपालको विकास हुन नसक्दो रहेछ ।

नेपालमा नेपालीका लागि समस्या आईपरेका र ति समस्या तत्कालै सावधान गर्न सक्ने देशलाई फाईदा हुने काम रहेछन् भने तुरुन्तै ऐन कानून परिमार्जन गरेर समेत देश र जनताको हितमा गनैपर्ने काम गर्ने मानसिकता भएको नेतृत्व चहिदो रहेछ । यति मात्र सुधार गर्न सक्ने नेतृत्व भयो भने पुग्छ । तर नेपालमा गर्नुपर्ने काम एकातिर हुन्छ । अर्कोतिर व्यवस्था ठिक नभएको नाममा कहिले के आन्दोलन कहिले के का आन्दोलन गरेर समय वर्बात गर्नु भनेको आजको विश्वमा सवैभन्दा पछाडी पर्ने देश बन्नु हो ।

त्यसैले कार्यकारी फेरेर पनि छु मन्तर हुदैन । मानसिकता फेरौ । मत फेरौ । योग्यता हेरौ । विदेशीको उक्साहटमा राजनीति नगरौं । नेपाली उत्पादन कसरी बढाउन सकिन्छ । नेपालको आर्थिक बृद्धि कुन क्षेत्रवाट बढी सम्भावना छ । त्यो पहिल्याऔं । त्यसैमा लगानी बढाऔं । नपालीलाई नेपालमा नै रोजगारको सृर्जना गरौ । कार्यकारी प्रमुखको बहस गरेर बस्नुको सट्टा व्यवस्थापनमा चै राम्रो बनाऔं । गाउँमा गएर वजेटको अभाव भएको ठाउँमा श्रम गरौं । त्याहा न वाद चहिन्छ । न कार्यकारी चाहिन्छ । न व्यवस्था वाधक हुन्छ । कसैले रोक्दैन । काम गरेपछि मात्र विकास हुन्छ । काम गर्न थालौ व्यवस्थाको पछि नदौडिऔं ।

**बञ्चरेडाँडा**

तामाङका अनुसार, यसअघिका सबै सहमति कार्यान्वयन गर्ने स्पष्ट समयसीमा तोकिएको छ । २०७९ जेठ २६ मा भएको १८ बुँदे सम्झौता कार्यान्वयनमा संघीय सरकार र काठमाडौं महानगरपालिकाले उदासीनता देखाएको भन्दैस्थानीयले गत बुधबारदेखि फोहोर विसर्जन गर्न रोकेका थिए । शुक्रबार मन्त्रालयमा भएको छलफल निष्कर्षविहीन भएपछि अवरोध झनै कडा बनेको थियो ।

काठमाडौं उपत्यकाका विभिन्न पालिकाबाट दैनिक १५० भन्दा बढी गाडी फोहोर बञ्चरेडाँडा पुग्ने गर्छ । यसबाट नुवाकोटको ककनी गाउँपालिका, बेलकोटगढी नगरपालिका र धादिङको धुनिबेंसी नगरपालिकाका बासिन्दा प्रत्यक्ष प्रभावित हुँदै आएका छन् । अब १५ दिनभित्र माग सम्बोधन नभए स्थानीयले पुनः फोहोर बिसर्जनमा अवरोध गर्ने चेतावनी दिएका छन् ।

**जेनजी आन्दोलन**

खरखजना,कर्तव्यज्यान,आपराधिक उपद्रव, अभद्र व्यवहारसम्मका आरोपीहरू छन्। आन्दोलनको क्रममा महत्त्वपूर्ण प्रतिष्ठानदेखि व्यक्तिका नीजि सम्पत्तिहरुमा तोडफोड र आगजनी भएको थियो। उनीहरूलाई अहिले प्रहरीले धमाधम पक्राउ गरेर कारबाही गर्दै आएको छ ।

पक्राउ परेकामध्ये प्रहरी हत्या गर्ने पाँचसहित आठ जना पुर्पक्षका लागि कारागार चलान भइसकेका छन् ।

**हर्क साम्पाङ**

अनुसार, श्रम संस्कृति पार्टीलाई 'माटो' चुनाव चिन्ह दिइएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले पार्टीले सबै कानुनी प्रक्रिया पूरा गरेपछि दर्ता प्रमाणपत्र प्रदान गरिएको जानकारी दिए ।

श्रम संस्कृति पार्टीमा २८ जना केन्द्रीय सदस्य रहेका छन् । पदाधिकारीमा उपाध्यक्ष : देवराज लामा, महासचिव : आर्यन राई, कोषाध्यक्ष : समिता राई, प्रवक्ता : अरुण गुरुङ र अध्यक्षमा हर्कराज साम्पाङ रहेका छन् ।

साम्पाङले दलको झण्डा नराख्ने तर लोकतान्त्रिक मूल्य र आवधिक निर्वाचनमा विश्वास राख्ने बताएका छन् । उनले आफ्नो पार्टी परम्परागत राजनीतिक दलभन्दा फरक रहने र हरेक टोलमा श्रमदाताको सञ्जाल बनाउने घोषणा गरेका छन् ।

गत असोज १२ गते साम्पाङले स्वयं निर्वाचन आयोग पुगेर दल दर्ताको निवेदन दिएका थिए । आयोगले आवश्यक सबै कानुनी प्रक्रिया पूरा भएपछि आइतबार औपचारिक रूपमा श्रम संस्कृति पार्टीलाई मान्यता दिएको हो ।

साम्पाङले भदौ महिनामा भएको "जेनजी आन्दोलन" पछि नयाँ र ाजनीतिक दलको तयारी थालेका थिए । उनले त्यतिबेलादेखि नै मौलिक श्रम र आत्मनिर्भर उत्पादनमा आधारित नयाँ राजनीतिक संस्कृति निर्माण गर्ने घोषणा गरेका थिए ।

साम्पाङका अनुसार, "अब अफिसमा बसेर भाषण गरेर होइन, फिल्डमै पसिना बगाएर देश बनाउने समय आएको छ ।"

**कार्यभार**...

उपराष्ट्रपतिबाट कार्य सम्पादन हुने गरी तोकिएको जानकारी दिए ।

राष्ट्रपति पौडेल सेकेन्ड वर्ल्ड समिट फर सोसल डेभलेपमेन्ट विषय कार्यक्रममा सहभागी हुन सोमबार बिहान कतारको राजधानी दोहा प्रस्थान गरेका छन् ।

उनलाई उपराष्ट्रपति यादव, प्रधानमन्त्री सुशीला कार्की लगायतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरेका थिए ।

# ‘पीआर’को ‘टाटा बाइ बाइ’ गीतमा छमछमी नाचे नीर शाह र गौरी मल्ल

काठमाडौं- आगामी मंसिर २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘पीआर’मा समावेश गीत ‘टाटा बाइ बाइ’ सार्वजनिक गरिएको छ । टेक बी.सी. र प्रीती घिमिरेको युगल गायन रहेको यस गीतमा भिम बी.सी.को शब्द तथा संगीत छ । गीतले वर्तमान समयमा हुने छोटो प्रेम सम्बन्धप्रति व्यंग्य गर्दै उमेर ढल्किएका जोडीले एकअर्काप्रति गरेको कटाक्षलाई प्रस्तुत गरेको छ ।



रामजी लामिछानेको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी नीर शाह र गौरी मल्ल छमछमी नाच्दै देखिएका छन् । विवाहको परिवेशमा तयार पारिएको भिडियोमा दिक्पाल कार्की र विनिता कार्कीलाई बेहुला-बेहुलीको रूपमा प्रस्तुत गरिएको छ। भिडियोमा रविन्द्र खड्का, उत्तम केसी लगायतका कलाकारलाई पनि देख्न सकिन्छ ।

शोभित बस्नेतको निर्देशनमा बनेको यो फिल्ममा नीर शाह र गौरी मल्लसहित आर.ए. सुरज पौडेल, विनिता कार्की, राजन कुँवर, पूजा चौधरी, आश्मा अधिकारी, विमला खत्री, म्याक्स गणेश बुढाथोकी, कृष्ण थापा लगायतको अभिनय रहेको छ । अष्ट्रेलियन पीआरका लागि नेपाली विद्यार्थीहरूले गर्ने संघर्षको कथामा फिल्म आधारित छ ।

अष्ट्रेलिया निवासी रञ्जित साह र सन्तोष तिवारी प्रस्तुतकर्ता रहेको फिल्ममा लक्ष्मण सापकोटा र प्रदीप दाहाल निर्मातामा छन् । यसमा निर्देशक बस्नेत स्वयंको कथा छ भने पटकथा र संवाद गणेश बुढाथोकीले तयार पारेका हुन् । फिल्ममा सौरभ सायमी (अष्ट्रेलिया) र सौरभ लामा (नेपाल)को छायांकन, बन्दे प्रसादको सम्पादन तथा मानस राज र भीम बीसीको संगीत रहेको छ ।

# दशैं-तिहारका फिल्मको व्यापार : ‘जेरी अन टप’ अग्रस्थानमा

काठमाडौं- यसपालिको दशैं र तिहारमा प्रदर्शन भएका सात फिल्मले घरेलु बक्स अफिसमा गरेको व्यापार सार्वजनिक भएको छ । चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको कात्तिक १५ गतेसम्मको तथ्यांकमा सबैभन्दा धेरै कमाइ फिल्म ‘जेरी अन टप’ले गरेको देखिन्छ । यसले ३ लाख ३३ हजार ६०५ वटा टिकट बिक्री गर्दै १० करोड ५१ लाख ४८ हजार कमाएको छ ।



कार्तिक १५ गते शनिबार राति ११:५९ सम्मको नेपालभर प्रदर्शन भएका स्वदेशी चलचित्रहरूको आधिकारिक सिनेपा@बक्सअफिस कलेक्शन

| चलचित्र (Movie) | विक्रि भएका टिकट संख्या (Actual Tickets) | आर्थिक आम्दानी (Actual Gross Revenue) |
|---|---|---|
| बलिदान (Balidan) | १,७१,०६३ | ५,१०,३४,८०२.४१ |
| हरि बहादुरको जुत्ता (Hari Bahadurko Jutta) | १,४९,२३७ | ४,७१,३७,६८७.६८ |
| माईतीघर (Maitighar) | १,४३,७१२ | ४,१५,५१,८८८.१६ |
| जेरि अन टप (Jerry On Top) | ३,३३,६०५ | १०,५१,४८,८०३.२० |
| बरिष्ठ बलराम (Barishtha Balaram) | ८२,११७ | २,४८,३०,४८८.८५ |
| मैझारो (Maijharo) | ३३,९४२ | १,००,९५,३०९.३८ |
| सोल्टिनी (Soltinee) | ८,८०४ | २८,८०,१५६.९८ |

चलचित्र विकास बोर्डले सिनेपा:@बक्सअफिस एपमा प्राप्त रिपोर्ट हरेक हप्ताको सोमबार सार्वजनिक गर्दै जानेछ।



‘जेरी अन टप’पछि दोस्रो धेरै कमाइ दशैंको फिल्म ‘बलिदान’ले गरेको छ । ५ करोड १० लाख ३४ हजारको व्यापार गरेको यो फिल्मको १ लाख ७१ हजार ६३ वटा टिकट बिक्री भएको बोर्डको तथ्यांकमा देखिन्छ । दशैंमा नै रिलिज भएको ‘हरिबहादुरको जुत्ता’ ४ करोड ७१ लाख ३७ हजार कमाउँदै तेस्रो स्थानमा छ । यसको १ लाख ४९ हजार २६७ वटा टिकट बिक्री भएको छ ।

त्यस्तै, दशैंमा आएको ‘माइतीघर’ले कमाइमा चौथो स्थान ओगटेको छ । यसको १ लाख ४३ हजार ७१२ वटा टिकट बिक्री हुँदा ४ करोड १५ लाख ५१ कमाइ भएको छ । भाइटीकाको दिन रिलिज भएको फिल्म ‘वरिष्ठ बलराम’ कमाइमा पाँचौं स्थानमा छ । बोर्डको तथ्यांक अनुसार यो फिल्मले गत शनिबारसम्म २ करोड ४८ लाख ३० हजार रुपैयाँ आम्दानी गरेको छ ।

भाइटीकाको भोलिपल्ट रिलिज भएको ‘मैझारो’ कमाइको मामलामा छैटौं स्थानमा देखिएको छ । यसले १ करोड ९५ हजार कमाएको छ । सात फिल्ममध्ये सबैभन्दा न्यून कमाइ भाइटीकाको दिनदेखि प्रदर्शनमा आएको फिल्म ‘सोल्टिनी’को छ, जसले ३० लाख पनि कमाउन सकेको छैन । यसले गत शनिबारसम्म जम्मा २८ लाख ८० हजार कमाइ गरेको छ ।

अघिल्लो दशैं र तिहारमा नेपाली फिल्मले झन्डै ९० करोडको व्यापार गरेका थिए । तर, यसपालि त्यसको आधाभन्दा पनि कम व्यापार भएको छ । सात फिल्मले एक महिनाको अन्तरालमा लगभग २९ करोड कमाएका छन् ।

# ‘धागो’को ट्रेलरमा सन्तानको सपना र आर्थिक चुनौतीको कथा



काठमाडौं- कात्तिक २८ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म ‘धागो’को ट्रेलर सार्वजनिक गरिएको छ। तीन मिनेट लामो ट्रेलरले आर्थिक अभावले सिर्जना गर्ने चुनौती र त्यससँग जुध्न गरिएको संघर्षलाई केन्द्रमा राख्दै हाँसो, खुसी र पीडाको मिश्रण प्रस्तुत गरेको छ । यसमा परिवारभित्रको भावनात्मक सम्बन्ध र सामाजिक संघर्षको पनि मार्मिक चित्रण छ ।

फिल्ममा सुरक्षा पन्त र प्रभात थापा श्रीमान्-श्रीमतीको भूमिकामा छन्, जो आफ्नो सन्तानको सपना र इच्छा पूरा गर्न प्रयासरत छन् । तर, आर्थिक कठिनाइका कारण परिवारमा विग्रह र चुनौतीहरू निम्तिन्छ, जसले कथालाई अझ संवेदनशील बनाएको छ । फिल्मले दर्शकलाई कथाको गहिरो संसारमा पुऱ्याउँदै भावनात्मक यात्रामा लैजाने संकेत ट्रेलरले दिएको छ ।

नेपाल र भारतमा एकसाथ प्रदर्शन हुन लागेको यो फिल्मका निर्देशन उदिप राणा थापाले गरेका हुन् । उनको यो डेब्यू निर्देशकीय फिल्म हो । उमा थापा, उत्तम थापा र उदिप थापा फिल्मको निर्मातामा छन्। फिल्मले नेपाल-भारत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपालीको जीवन र सांस्कृतिक सम्बन्धलाई कथाको केन्द्रमा राखेको जनाइएको छ ।

बलिउडका अनिकेर एम. घोघको छायांकन, अखिलेश रायको सम्पादन तथा पुष्पन प्रधानको संगीत रहेको फिल्ममा सुरक्षा र प्रभातसँगै सुरभि थापा, बुद्धि तामाङ, सुनिल थापा, रबिन सान्संकर, दीप छेत्री, प्रज्ञा थापा, बाबु प्रधान, सेवन विश्वकर्मा, राजीव भुसाल, आइशा तामाङ लगायतको अभिनय देख्न सकिनेछ । फिल्मको एक गीतमा अभिनेत्री वर्षा राउतले नृत्य गरेकी छन् ।

# ऐश्वर्याले नकारेका फिल्म : ‘राजा हिन्दुस्तानी’ देखि ‘वीर जारा’सम्म

काठमाडौं- बलिउड अभिनेत्री ऐश्वर्या रायले शनिबार आफ्नो जन्मदिन मनाउँदैछिन् । ५२ वर्षमा प्रवेश गरेकी उनलाई सुन्दरता र प्रतिभाको उदाहरण मानिन्छ । सन् १९९४ मा मिस वर्ल्डको उपाधि जितेर विश्वभर आफ्नो पहिचान बनाएकी उनले बलिउडमा प्रवेश गरेपछि ‘देवदास’, ‘हम दिल दे चुके सनम’, ‘ताल’, ‘गुरु’ लगायतका थुप्रै सानदार फिल्ममा उम्दा अभिनय गरेर दर्शकको मन जितेकी छन् ।

ऐश्वर्याले आफ्नो करिअरमा जति कालजयी फिल्म दिएकी छन्, त्यति नै कालजयी बन्न पुगेका केही फिल्म अस्वीकार पनि गरेकी छन् । त्यसमा ‘कभी खुशी कभी गम’देखि ‘राजा हिन्दुस्तानी’सम्म पर्छन् । ‘कभी खुशी कभी गम’ उनले भूमिका मन नपरेर काम गर्न अस्वीकार गरेकी थिइन् । उनलाई टीनाको रोलका लागि अफर गरिएको थियो । पछि यो रोल अभिनेत्री रानी मुखर्जीले गरिन् ।


उनले अस्वीकार गरेको फिल्ममा ‘भूल भुलैया’ (२००७) पनि पर्छ । यो फिल्ममा विद्या बालेनले निर्वाह गरेको मन्जुलिकाको भूमिका सुरूमा ऐश्वर्यालाई अफर गरिएको थियो । यो फिल्म बक्स अफिसमा निकै सफल रह्यो । उनले निर्देशक यश चोपडाको फिल्म ‘वीर जारा’मा समेत काम गर्न इन्कार गरेकी थिइन् । उनलाई अफर गरिएको जारा हयातको भूमिका पछि प्रीति जिन्टाले निभाइन् ।

सन् २००३ को सफल फिल्म ‘मुन्नाभाई एमबीबीएस’मा सुमनको भूमिका पनि सुरूमा ऐश्वर्यालाई अफर गरिएको थियो । तर, उनले व्यस्तताका कारण काम गर्न सकिनन् । यीसहित ‘राजा हिन्दुस्तानी’ (१९९६), ‘रङ दे बसन्ती’ (२००६), ‘कहो ना प्यार है’ (२०००), ‘कृष’ (२००६), ‘ह्याप्पी न्यू इयर’ (२०१४), ‘चल्ते चल्ते’ (२००३) लगायतका फिल्ममा पनि उनले काम गर्न अस्वीकार गरेकी थिइन् ।

# समाजलाई मेरो उत्तर हो ‘मन बिनाको धन’ : टंक बुढाथोकी

काठमाडौं- संगीतकारको रूपमा परिचित टंक बुढाथोकीले गायक अशोक दर्जीको अभिभावकत्व लिएपछि विभिन्न आरोपको सामना गर्नुपऱ्यो । अशोकको लोकप्रियताको आडमा आफू चर्चामा आउन खोजेको, अशोकलाई आफ्नो नियन्त्रणमा राखेको जस्ता आक्षेप अझै पनि उनीमाथि लागिरहेको छ । अब यी आरोपको एकमुष्ठ जवाफ उनले फिल्ममार्फत दिँदैछन् । त्यो फिल्म हो, ‘मन बिनाको धन’ ।

यही शुक्रबार (२१ कात्तिक)देखि प्रदर्शन हुन लागेको यो फिल्मलाई टंक स्वयंले निर्देशन गरेका हुन् भने अशोक मुख्य भूमिकामा छन् । अशोकको संघर्षदेखि सफलतासम्मको कथामा टंकले फिल्म बनाएका हुन् । उनी आफूमाथि लागेका आरोपको उत्तर दिने उद्देश्यले फिल्म बनाएको बताउँछन् । अशोकका लागि आफूले गरेको संघर्ष र भोगाइलाई फिल्ममा देखाइएको उनको भनाइ छ ।



उनी भन्छन्, ‘मैले समाजलाई धेरै कुराको उत्तर दिनुपर्ने थियो । फिल्ममार्फत सबै उत्तर दिएको छु । ट्रेलरको अन्तिममा मेरो जुन संवाद छ, त्यही नै हो फिल्म । त्यही नै हो मैले दिन खोजेको उत्तर । फिल्मभित्र अझै धेरै उत्तर छन् । यो फिल्म बनाउनुको मुख्य उद्देश्य भनेकै अशोकका लागि म गलत थिइनँ र छैन भन्ने हो । मैले भोगेका कुरा मैले नै देखाउनुपर्छ भनेर यो फिल्म बनाएको हुँ ।’

फिल्मको ट्रेलरमा टंकले अशोकको सफलताको कथा बढी देखाएका छन् । जसले गर्दा उनले अशोकको संघर्षलाई लुकाउन खोजेको टिप्पणी भइरहेको छ । यसबारेमा उनले स्पष्ट पार्दै भने, ‘हामीले सुरूमा ट्रेलरमा अशोकको संघर्षका दृश्य धेरै राखेका थियौं । तर, अहिले नै सबै देखाइदिँदा हलमा हेर्ने धेरै कुरा रहँदैन भनेर ट्रेलरमा राखेनौं । फिल्ममा भने अशोकका सबै कुरा छन् ।’

# प्रदीप अभिनीत ‘एक्लो’को टिजरमा के छ ?

काठमाडौं- अंग्रेजी नयाँ वर्षको अवसर पारेर पुष १७ गतेबाट प्रदर्शन हुन लागेको फिल्म ‘एक्लो’को टिजर सार्वजनिक गरिएको छ । एक मिनेटभन्दा लामो टिजरले फिल्मको रहस्यमय कथा र पात्रहरूबीचको तनावपूर्ण संघर्षको झलक प्रस्तुत गरेको छ । पैसा र सत्ताका लागि हुने लडाइँलाई फिल्मले मुख्य कथावस्तुका रूपमा अगाडि ल्याएको देखिन्छ ।



सस्पेन्स र थ्रिलरको संयोजन रहेको टिजरमा अभिनेता प्रदीप खड्का युद्ध कौशलयुक्त पात्रको रूपमा प्रस्तुत छन् । तर, उनको अनुहार पूर्ण रूपमा देखाइएको छैन । अभिनेत्री बेनिशा हमालको गेटअपले रानीको संकेत गरेको छ । कविता नेपाली र बेलायती अभिनेता जेमी बेकन ब्रिटिश पुलिसको भूमिकामा देखिएका छन् । टिजरले दर्शकमा फिल्मप्रति उत्सुकता बढाउने देखिन्छ । प्रदीप शाहीको लेखन तथा निर्देशनमा बनेको यो फिल्ममा विजय लामा, सुनिल थापा, दीया पुन, दिनेश डिसी, सुरजसिंह ठकुरी, एवन राज उप्रेती, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोद सुवेदी ‘क्षितिज’, श्रीशेष श्रेष्ठ लगायतले पनि अभिनय गरेका छन् । एनआरएन समूहको लगानी रहेको फिल्मको निर्मातामा प्रदीप खड्का पनि छन् । विनोद सुवेदी ‘क्षितिज’ कार्यकारी निर्माता रहेको ‘एक्लो’को छायांकन बाबु श्रेष्ठले गरेका हुन् । यसमा रुपेश तामाङको सम्पादन, रोहित शाक्यको संगीत तथा राजु तामाङको द्वन्द्व निर्देशन रहेको छ । यो फिल्मको गत मेमा विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलमा स्टल नै राखेर प्रचार गरिएको थियो ।

# बलम्बु प्रहरी प्रभागमा आगजनी गर्ने थप एकजना पक्राउ

काठमाडौं- प्रहरीले बलम्बु प्रहरी प्रभागमा आगजनी र तोडफोडमा संलग्न एक युवकलाई पक्राउ गरेको छ ।

अनुसन्धानका क्रममा प्रहरीको फेला परेका भिडियो र फोटो प्रमाणका आधारमा जिल्ला सर्लाही मलंगवा गाउँपालिका वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं चन्द्रागिरि नगरपालिका वडा नं. १० सतुङ्गल बसोबास गर्दै आएका १८ वर्षीय धर्म जित यादवलाई पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार, जेन-जी युवाहरूले आह्वान गरेको आन्दोलनको नाममा केही अज्ञात व्यक्तिहरूले बलम्बुस्थित प्रहरी प्रभागमा तोडफोड र सवारी साधनमा आगजनी गरी ठूलो क्षति पुऱ्याएका थिए । उक्त घटनामा बा १ झ ७४१८ नम्बरको टाटा टेल्कोलाइन गाडी कार्यालय परिसरबाट बाहिर लगेर आगजनी गरी पूर्ण रूपमा नष्ट गरिएको अनुसन्धानबाट खुलेको छ ।

उक्त घटनाको अनुसन्धान जारी रहेको र पक्राउ परेका यादवलाई थप अनुसन्धानका लागि प्रहरी वृत्त थानकोट पठाइएको बलम्वु प्रहरीले जनाएको छ । बलम्वु प्रहरीले केही दिन अगाडि ४ जना पक्राउ गरि अनुसन्धान गरिरहेको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- १५,
२०८२ साल कार्तिक १८ गते मंगलबार
4 NOVEMBER 2025, TUESDAY

# जापान मोबिलिटी एक्स्पोमा ५०० भन्दा धेरै ब्रान्डको सहभागिता




काठमाडौं- जापान मोबिलिटी एक्स्पो मा ५०० भन्दा धेरै कम्पनीले सहभागिता जनाएका छन् । जापानको टोकियोमा गत बिहिबारदेखि भइरहेको एक्स्पोमा स्थानीय र विदेशी गरी ५०० भन्दा धेरै कम्पनीले सहभागिता जनाएका हुन् ।

आयोजक जापान अटोमोबाइल म्यानुफ्याक्चर्स एसोसिएसनका अनुसार जापान बाहिरका कम्पनी ४२ वटा छन् । यो संख्या सन् २०२३ को भन्दा दोब्बर हो ।

प्यासेन्जर सेगमेन्टमा सुजुकी, सुबारु, सेन्चुरी, डाइह्यात्सु, टोयोटा, निसान, होन्डा, माज्दा, मित्सुबिसी, लेक्सस, बीएमडब्लू, बीवाइडी, हुन्डाई, मिनी र मर्सिडिज जस्ता ब्रान्डले सहभागिता जनाएका छन् ।

यस्तै सुजुकी, होन्डा, यामाहा जस्ता दुई पाङ्गे बान्डको सहभागिता छ । कमर्सियलमा इसुजु, हिनो, मित्सुबिसी, युडी ट्रक, किया, एएसएफ र बीवाइडी छन् । भेहिकल बडीहरुमा जापन अटो बडी इन्डस्ट्रिज एसोसिएस इंक र हानामिदाइ अटो कम्पनी छन् ।

एक्स्पोमा जापनिज ब्रान्ड होन्डाले आफ्नो क्युट मिनी कार सुपर एनको प्रोटोटाइप देखाएको छ । यो गाडी २०२६ मा बेलायती बजारमा जाने भनिएको छ ।

एक्स्पोमा होन्डाले आफ्नो ० सिरिजका कन्सेप्ट कार देखाएको छ । होन्डाले जेरो सिरिजमा ० अल्फा र जेरो एसयूभी मोडल देखाएको छ । जुन २०२७ मा बजारमा आउनेछन् ।

सुजुकीको फ्रन्क्स फ्लेक्स फ्युल कार पनि मोबिलिटी एक्स्पोमा देखिएको छ । यसअघि यसको पेट्रोल फ्युल भेरियन्ट नेपालीमा बजारमा पनि आइसकेको छ । फ्लेक्स फ्युलमा ८५ प्रतिशत इथानोल ब्लेन्ड गरेर चलाउन सकिने यो गाडी बजारमा आउन भने समय लाग्नेछ । अहिले भारतमा २० प्रतिशत मात्रै इथानोल मिसाइएको फ्युल गाडी प्रयोगमाछ ।

सुजुकीको भिक्टोरिस सीबीजी (कम्प्रेस्ड बायो मिथेन ग्यास) भेरियन्ट पनि मोबिलिटी एक्स्पोमा देखिएको छ । कम्पनीले सीएनजीको विकल्पमा ग्रिनर फ्युलमा काम गरिरहेको छ । यसलाई कम्पनीले २०२२ देखि विकास गरिरहेको थियो ।

मारुती ई भिटारा जापानमा पहिलो पटक देखाइएको छ । भारतमा बनेको यो गाडी नेपाली बजारमा नाडा अटो शोबाट इन्ट्री गरेको थियो । भारतमा बनेको मारुती जिम्नी नोम्याड मोडल पनि एक्स्पोमा देखिएको छ ।

यसैगरी, चिनियाँ गाडी उत्पादक कम्पनी बीवाइडीले पनि नयाँ मोडल राको मिनी कार देखाएको छ । यो जापानका लागि मात्रै तयार पारिएको हो । जसमा २० किलोवाट आवर(युनिट) क्षमताको ब्लेड ब्याट्री हालिएको छ । यसले फुल चार्जमा १८० किलोमिटर रेन्ज प्रदान गर्छ ।

यसबाहेक नेपालीमा बजारमा देखिएका जस्तै कार डिस्प्ले गरिएको छ । बीवाइडीले १३ वटा प्यासेन्जर र कमर्सियल गाडी देखाएको छ ।

टोयोटाले नयाँ गाडी बोनस बेबी ल्यान्ड क्रुजर देखाएको छ । जसलाई कम्पनीले ल्यान्ड क्रुजर एफजे कन्सेप्टमा ल्याएको हो । ल्यान्ड क्रुजर स्मल भर्सनमा तयार पारिएको छ । टोयोटाले नयाँ कोरोला कन्सेप्ट कार पनि देखाएको छ ।

टोयोटा मोटर कर्पोरेसनले नयाँ सेन्चुरी मोडलको गाडी पनि देखाएको छ । साथै यसको अर्डर पनि लिन थालिएको छ । यसलाई टोयोटाको प्रिमियम कारका रुपमा ल्याइएको छ । जसले पश्चिमा लक्जरी ब्रान्डलाई डोमिनेट गने ठानिएको छ ।

सुबारुले दुई वटा मोडलको एसटीआई कन्सेप्ट देखाएको छ ।

निसानले पनि आफ्नो नयाँ कटिङ एज डिजाइन भएको भेहिकल देखाएको छ । कम्पनीले फोर्थ जेनेरेसनको इलग्रान्ड, लिफ र प्याटोल मोडल देखाएको हो । यस्तै एक्सट्रेल रक क्रिक, आरिया, फियरलेडी जेड, स्काइलाइन ४००आर लिमिटेड एडिसन, रुक्स र एन७ मिक्रा डिस्प्लेमा राखिएका छन् ।

एक्स्पोमा माज्दाले भिजन एक्स कुपे र कम्प्याक्ट एसयूभी देखाएको छ । हुन्डाईले अल न्यु नेक्सो हाइड्रोजन फ्युल कार शोकेस गरेको छ । यस्तै आयोनिक ५ र इन्स्टर ओआईडी मोडल पनि देखाइएको छ ।

बीएमडब्लूले न्यु क्लासी मोडलको आईएक्स ३, हाइड्रोजन फ्युल सेल प्रविधि, मिनी पल स्मिथ एडिसन, स्पेसल एडिसनको बीएमडब्लू एम२ सीएस र बीएमडब्लू कन्सेप्ट स्पिडटप कार डिस्प्ले गरेको छ ।

मर्सिडिजले कन्सेप्ट कारका रुपमा एएमजी जीटी एक्सएक्स मोडल देखाएको छ । यसलाई कम्पनीले इलेक्ट्रिक आर्किटेक्चरमा निर्माण गरेको हो ।

यस्तै जापान प्रिमियर अल न्यु इलेक्ट्रिक सीएलए र जीएलसी मोडल पनि देखाइएको छ । मर्सिडिज बेन्ज भिजन भी पनि एक्स्पोमा राखिएको छ ।

होन्डाले दुई पाङ्गेमा सुपर क्युब ११० लाइट र डिओ स्कुटर ११० लाइट देखाएको छ । यस्तै सीबी१००० एफ र एफसीई पनि डिस्प्ले गरिएको छ । कम्पनीले युनी वान, मोटोकम्पाक्टो, स्टेरिमो जस्ता नयाँ प्रविधि पनि देखाएको छ ।

# आयोन भी गाडी सुरक्षाका दृष्टिले उत्कृष्ट




काठमाडौं- आयोन भी गाडी सुरक्षाका दृष्टिले उत्कृष्ट देखिएको छ । यो गाडीले यूरो एनक्याप टेस्टमा ५ स्टार सेफ्टी रेटिङ प्राप्त गरेको छ । यो रेटिङलाई अटोमोबाइल क्षेत्रमा उत्कृष्ट मानिन्छ ।

नेपालका लागि आयोनको आधिकारिक बिक्रेता सीजी मोटर्सले आयोन भी गाडीले हालै यूरो एनक्याप टेस्टमा ५ स्टार सेफ्टी रेटिङ प्राप्त गरेको जनाएको छ ।

उन्नत प्रविधि र आधुनिक डिजाइनका लागि विश्वव्यापी रूपमा परिचित इभी ब्रान्ड आयोनका दुई मोडलका प्रिमियम इभी नेपाली बजारमा उपलब्ध छन् ।

आयोन भीमा उन्नत बडी स्ट्रक्चर, मल्टी सेन्सर कोलिजन डिटेक्सन र एआई संचालित ड्राइभर असिस्टेन्स टेक्नोलोजी जस्ता विशेषता छन्, जसले चालकलाई हरेक यात्रामा आत्मविश्वास र आराम प्रदान गर्दछ ।

# टाटाको नयाँ एसयुभी 'सिएरा' एक महिनापछि लन्च हुने



काठमाडौं- टाटा मोटर्सको नयाँ एसयुभी सिएरा अर्को महिना लन्च हुने भएको छ । टाटा मोटर्सका अनुसार उक्त एसयुभी नोभेम्बरको २५ मा भारतीय बजारमा लन्च हुने तयारीमा छ ।

यसले हुन्डाई क्रेटा, मारुती सुजुकी र अन्य मिडसाइज एसयुभीहरुसँग प्रतिस्पर्धा गर्ने योजना बनाएको छ । यसमा १.५ लिटर क्षमताको टर्बो टीजीडीआई इन्जिन उपलब्ध हुनेछ ।

यो गाडी पेट्रोल/डिजेल र इलेक्ट्रिक भर्सनमा आउनेछ । यसमा ३६० डिग्री क्यामेरा सेटअप रहनेछ । साथै १९ इन्च एलोय ह्वील्स उपलब्ध हुने कम्पनीले जनाएको छ ।

यसमा ३ वटा १२.३ इन्चको डिजिटल इन्स्ट्रमेन्ट क्लस्टर, सेन्ट्रअल र प्यासेन्जर साइड टच स्क्रिन, प्यानोरोमिक सनरुफ र ६ वटा एयरब्यागहरु उपलब्ध हुनेछन् ।

यसमा डुअल टोन ड्यासबोर्ड, टाटाको लोगोसहितको ४ स्पोक स्टेरिङ ह्वील, एम्बियन्ट लाइटहरु, वायरलेस फोन चार्जर र भ्यान्टिलेटेड फ्रन्ट सिटहरु उपलब्ध हुने जनाइएको छ । सेफ्टीको लागि एलेक्ट्रिक स्टेबिलिटी कन्ट्रोल र एडास लेभल २ फिचरहरु रहनेछन् ।

# आन्दोलनमा हजारौं सवारी क्षतिपछि बजारमा नयाँ गाडीको माग

काठमाडौं- जेनजीको आन्दोलनका क्रममा थुप्रै सवारीसाधनमा क्षति भएको थियो । यसले एकातिर कबाडीमा गाडीको रास बढाएको छ भने अर्कातिर अत्यावश्यक देखिँदा बजारबाट नयाँ गाडीको माग हुने देखिएको छ । माग बढ्दा कतिको कारोबार हुन्छ भन्ने हिसाब अटो व्यवसायीले गरिरहेका छन् ।

आन्दोलनमा भएको क्षतिका कारण अटो बजारमा एकैपटक सवारीसाधनको ठूलो माग हुनु स्वाभाविक पनि देखिएको हो । सरकारी र निजी गरी करिब १० हजार सवारीसाधन क्षति भएका थिए । जसकारण अटो व्यवसायीहरुले ठूलो माग सिर्जना हुने आकलन गरेका छन् ।

जेनजीको आन्दोलनमा करिब ७ हजार दुईपाङ्गे र करिब ३ हजार चारपाङ्गे सवारीसाधन खरानी बनेका थिए । जलेका सवारीसाधनको संख्या धेरै भएकै कारण अब माग पनि त्यही संख्यामा हुने भन्दै अटो व्यवसायी ढुक्कजस्तै देखिएका हुन् ।

नेपाल बीमा प्राधिकरणका अनुसार जेनजीको आन्दोलनका कारण क्षति पुगेका मध्येबाट २ हजार २७० वटा सवारीसाधनको बीमा दाबी परिसकेको छ । निजी सवारीसाधनमा भएको क्षतिमा ३ अर्ब ४४ करोड रुपैयाँ बराबरको बीमा दाबी परेकामा इन्स्योरेन्स कम्पनीले ४७ करोड ७७ लाख रुपैयाँ भुक्तानी गरिसकेका छन् ।

यसबाहेक बाढी पहिरोमा परेर भएको क्षतिमा ४२ वटा मोटर बीमा दाबी परेको छ । निजी क्षेत्रले आगजनी र बाढी पहिरोमा परेर क्षति भएका सवारीसाधनको विकल्पमा तत्कालै नयाँ गाडी किन्ने अटो व्यवसायीको विश्वास छ ।

हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलका महाप्रबन्धक दीपक थपलियाले गाडीको बिक्री बढ्नेमा निश्चिन्त रहेको बताए ।

'निजी क्षेत्र र सरकारी निकाय दुवैका लागि गाडी नभइ हुँदैन । गाडी जलेको अवस्थामा नयाँ नकिन्नुको विकल्प नै हुँदैन,' थपलियाले भने, 'सरकारी निकायले जति किफायती हुने भने पनि सुरक्षा निकायको मोबिलिटी रोक्न मिल्दैन । अझ फागुनमा चुनाव गर्ने तयारी छ । त्यसैले गाडीको व्यापार बढ्नेमा हामी ढुक्क छौं ।'

प्रहरीले ५०० वटा सवारीसाधन खरिदका लागि प्रस्ताव गरेकामा अर्थ मन्त्रालयले अहिलेका लागि २५१ वटा गाडी किन्न स्रोत सहमति दिइसकेको छ । प्रहरीले चालु आर्थिक वर्षको बजेटबाट ८७ वटा नयाँ सवारीसाधन किन्न यसअघि नै टेन्डर आह्वान गरिसकेको छ । यसले पनि तत्कालका लागि कुल ३३८ वटा नयाँ सवारीसाधन खरिद गर्दा पनि लगभग ३ अर्ब रुपैयाँको कारोबार हुने देखिन्छ । किनभने सुरक्षा निकायका लागि सिंगल वा डबल पिकअप आवश्यक पर्छ । जसको मूल्य केही महँगो हुने गर्छ ।

यसका साथै जेनजीको आन्दोलनमा परेर जलेका सवारीसाधनको रिप्लेसमेन्ट गर्दा सरकारले ८० प्रतिशत ऋण उपलब्ध गराउने व्यवस्था मिलाएको छ । जसले नयाँ सवारीसाधन खरिद गर्न ग्राहकहरुलाई सहज बनाउँछ ।

सरकारले बीमा दाबी परेकाहरुको ५० प्रतिशत रकम अग्रिम भुक्तानी गर्ने व्यवस्था पनि मिलाएको छ ।

# २०२७ मा द होन्डा ओ अल्फा स्पोर्ट आउने



काठमाडौं- जापानमा भइरहेको जापान मोबिलिटी एक्स्पोमा होन्डाले द होन्डा ओ अल्फा स्पोर्ट युटिलिटी भेहिकल (एसयुभी)को 'कन्सेप्ट' सार्वजनिक गरेको छ ।

यो होन्डाको ओ सिरिजमा आउने इभीको पहिलो मोडल हो । यो गाडी भारत र जापनमा एकैसाथ २०२७ मा लन्च हुनेछ । अन्य बजारमा भने त्यसपछि यो गाडी जानेछ ।

अहिले कम्प्लिट बिल्ड युनिट आयात गरिए पनि पछि यो गाडी भारतमा उत्पादन हुने जनाइएको छ । अहिलेसम्म यसको केही टेक्निकल स्पेकहरु सार्वजनिक भएका छैनन् । यसमा ६५-७५ किलोवाट आवर(युनिट) क्षमताको लिथियम आयोन फोस्फेट(एलएफपी) ब्याट्री उपलब्ध हुने अनुमान गरिएको छ । यस्तै सिंगल मोटरमा फ्रन्ट ह्वील ड्राइभ सुविधा हुनसक्ने भनिएको छ ।

यसको ह्वीलबेस लम्बाई २७००-२८०० एमएमको हुने अनुमान गरिएको छ । जसले भित्रको स्पेसलाई ठुलो बनाउन सहयोग पुऱ्याउँछ । फ्रन्ट ग्रिललाई 'स्पोर्टी' बनाइएको छ भने यसमा होन्डाको लोगोसहित चार्जिङ पोर्ट दिइएको छ । साथै एरो डिजाइनमा १९ इन्च ५ स्पोक एलोय ह्वील्स उपलब्ध हुनेछ । यस्तै यु शेप्डमा टेललाइटहरु राखिएका छन् ।

स्वच्छ सहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समयसमयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाईमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समयसमयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौ, सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक: मोहन कार्की (९८५१०८७१५६), सम्पादक: ईन्दिरा धमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौं, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार